भर्ना खुल्यो !!!
विगतको Private हाल Open SEE
साथै कक्षा 8, 9 & 10 मा
- English & Nepali Medium
- Morning & Day Classes
- Affordable fee & quality education
- Speical classes for needy students
१२ वर्षको अनुभव सहित
PENTAGON OPEN SCHOOL
भक्तपुर क्याम्पसको ठिक अगाडि
दुधपाटी, भक्तपुर
फोन नं. ०१-६६१२७७६
मो. ९८०१०५४६७०, ९८५१०४५८४९

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ८८ ★ ने. सं. ११४४ चौला थ्व, द्वादशी ★ शनिबार ★ ८ वैशाख, २०८१ ★ April 20, 2024, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# नेपालको नदीनाला भारतलाई दिन नहुने

काठमाडौँ, ७ वैशाख । प्रतिनिधिसभाको पूर्वाधार विकास समितिअन्तर्गत गठित उपसमितिले विद्युत् विधेयकबारे राजनीतिक दलका प्रतिनिधिहरूसँग शुक्रबार छलफल गऱ्यो । समितिका सभापति राप्रपाका दीपकबहादुर सिंह र उपसमितिका संयोजक एमालेका गोकर्णबहादुर विष्टको नेतृत्वमा भएको छलफलमा विद्युत् विधेयकमा राजनीतिक दलहरूको धारणा प्रस्तुत भयो । नेका र माओवादीको गठबन्धन सरकारले पेस गरेको सो विधेयक एमाले र माओवादीको सरकारले पनि अगाडि बढाउँदै छ । प्रम पुष्पकमल दाहालको भारत भ्रमणमा कालीकोटको फुकोट कर्णाली जलविद्युत् भारतलाई दिइएको थियो ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले नेपालका ६ हजार नदीनाला एक एक गरी भारतीय एकाधिकार पुँजीलाई दिने सरकारहरू देशभक्त नहुने उल्लेख गर्दै जलविद्युत् उत्पादन गर्ने निजी क्षेत्रको पछाडि विदेशी पुँजी भएमा देशलाई थप घात हुने बताउनुभयो ।

नेपालीलाई खाना पकाउने र कृषिदेखि उद्योग-व्यापारको लागि पर्याप्त जलविद्युत् नभएसम्म विदेशीलाई नेपालको जलविद्युत् बिक्री गर्न नहुने उल्लेख गर्दै सांसद सुवालले तत्काललाई प्रतिव्यक्ति नेपालीलाई वार्षिक कति युनिट बिजुली उपभोग गर्न पाउने हो, यसको प्रत्याभूति विधेयकमा हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्युत् विधेयकको लक्ष्य नेपालीलाई सस्तोमा बिजुली दिने हुनुपर्नेमा जोड दिँदै सांसद सुवालले लोडसेडिङको बेला ट्रङ्क लाइन र डेडिकेटेड लाइनको बिजुली उपयोग गरी ३० औँ अर्ब रुपैयाँ सरकारलाई महसुल नबुझाउने उद्योगीसँग मिलेमतो गर्ने सरकारका अधिकारीहरूलाई कारबाही गर्नुपर्नेमा जोड दिनुभयो ।

कृषिमा विद्युत् प्रयोग गर्ने सामान्य किसानहरूलाई पर्याप्त अनुदान दिनुपर्ने आवश्यकता औँल्याउँदै सांसद सुवालले विद्युत् विधेयकलाई पूर्ण बनाउने नाममा नेपालको जलस्रोत भारतलाई दिने प्रावधान हटाउनुपर्ने उल्लेख गर्नुभयो ।

तेस्रो लगानी सम्मेलनको लागि अध्यादेशमार्फत दर्जन बढी ऐन बनाउने सरकारको तयारी प्रजातन्त्रविपरीत भएको उल्लेख गर्दै सांसद सुवालले विदेशी लगानीसँगै विदेशी सेना आउने र देश नवउपनिवेश हुने बताउनुभयो ।

सुगौली सन्धियता नेपाली युवालाई गोर्खा भर्तीको नाममा भाडाको सिपाही बनाउन पठाइएको र त्यसबापत राणा शासकहरूले बेलायती पाउन्ड करोडौँ कमिसन लिएर बेलायत र भारतमा घर-जग्गा जोडेको उल्लेख गर्दै सांसद सुवालले वैदेशिक रोजगारीको नाममा ८० लाख नेपाली युवालाई विदेश पठाउने काममा क-कसले पैसा कुम्ल्याए छानबिन गर्नुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ उपत्यकामा बसाइँसराइ केन्द्रित गरिँदा पुरानो विद्युत् लाइन काम नलाग्ने भएको र सो लाइन फेर्न खबौँ रुपैयाँ खर्च लागेको उल्लेख गर्दै सांसद सुवालले काठमाडौँको प्रदूषण र सडक जाम नियन्त्रण गर्न बसाइँसराइ रोक्ने र औद्योगिक क्षेत्रहरू स्थानान्तरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

एमसीसी सम्झौताअघि सरकारहरूले भारतसँग अरुण तेस्रोको ९०० मेगावाट र माथिल्लो कर्णालीको ९०० मेगावाटको परियोजना विकास सम्झौता गरेकोमा त्यसयता तल्लो अरुण ६२० मेगावाट, पश्चिम सेती ७५० मेगावाट, सेती-६ को ४५० मेगावाट, फुकोट कर्णाली ४५० मेगावाट र मुगु कर्णाली १९०२ मेगावाटको पीडीए गरेको उल्लेख गर्दै सांसद सुवालले नेपाली लगानी बोर्डले विदेशी लगानी ल्याउने हुँदा संसद् र सरकारको अधिकार प्रयोग गरेको हुँदा सो बोर्डलाई खारेज गर्नुपर्नेमा जोड दिनुभयो ।

भारतीय एकाधिकार पुँजीले माथिल्लो मर्स्याङ्दी - २ को ६०० मेगावाट, भेरी स्टेज-१ को ४०० एमभी र भेरी स्टेज-२ को ४०० एमडब्लू कब्जामा राखेको उल्लेख गर्दै सांसद सुवालले नेपाली जनताको लगानीमा जलविद्युत् उत्पादन गर्नुपर्नेमा जोड दिनुभयो ।

स्वीस भूगर्भशास्त्री टोनी हेगनको नेपाललाई स-सानो जलविद्युत् उत्पादन उपयुक्त हुने विचारतर्फ विधयकको ध्यान जानुपर्नेमा जोड दिँदै सांसद सुवालले सार्क देशहरूको सम्झौताअनुसार सार्कस्तरीय विद्युत् ग्रीडको मुख्यालय डिल्लीमा हुने र सौर्य गठबन्धनको सम्झौताअनुसार सौर्य ऊर्जा उत्पादन गर्न पनि भारतसँग अनुमति लिने अवस्था देश सार्वभौम नभएको नमुना भएको उल्लेख गर्नुभयो ।

नेकाका एक सांसदले उठाएको गलवानको विषयलाई स्पष्ट गर्दै सांसद सुवालले बेलायती भारतको बेला म्याकमाहोन भन्ने बेलायतीले कागजको नक्सामा चीन-भारतको सीमा रेखा कोरेको हुँदा चीनको गलवान उपत्यकालगायत भूभाग भारतमा परेको र सीमा विवाद भएको उल्लेख गर्नुभयो ।

बहुदल र गणतन्त्रको ३५ वर्षयता आम सञ्चारमा भ्रष्टाचारको समाचार दिनहुँ प्रकाशित भइरहेको उल्लेख गर्दै सांसद सुवालले अख्तियार र सीआईबीले मुद्दा दर्ता गरेकामध्ये कुन भाषा, जाति र समुदायका धेरै छन् ? जिम्मेवार पदमा बसेर भ्रष्टाचारजस्तो देशद्रोही काम गर्नेहरू को को हुन् सूची सार्वजनिक गर्नुपर्नेमा जोड दिनुभयो ।

छलफलमा रास्वपाका श्रीराम लामिछानेले सन् २०५० सम्म भारतमा २५ प्रतिशत जनतालाई खानेपानी नपुग्ने हुँदा भारतीय सरकारले नेपालको नदी नाला कब्जा गर्न लागिपरेको बताउनुभयो ।

एमालेका भेषराज दाहालले नेपालका सबै नदीनाला विदेशीको पोल्टामा दिन नहुने बताउनुभयो ।

राप्रपाका केदारबहादुर अधिकारीले नेपालीलाई शेयर वितरण गरी बिजुली उत्पादन गर्नुपर्ने बताउनुभयो ।

पूर्वमन्त्री अकवाल साहले जल र जवानी विदेशीलाई दिन नहुने बताउनुभयो ।

उपसमितिका संयोजक विष्टले सबै दललाई लिखित सुझाव दिन आग्रह गर्नुभयो ।

लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड



प्रजातान्त्रिक जनगणतन्त्र कोरियामा समृद्ध शक्तिशाली राष्ट्रको व्यापक विकासको प्रतीक जनआदर्श सडक ह्वासोङ क्षेत्रमा दोस्रो चरणमा १०,००० फ्ल्याटको उद्घाटन समारोहमा रिवन काटेर उद्घाटनपछि नयाँ घरका मालिकहरूलाई बधाई ज्ञापन तथा शुभकामना व्यक्त गर्दै प्रजग कोरिया राष्ट्रिय मामिला आयोगका अध्यक्ष किम जोङ उन अप्रिल १८, २०२४ को साँझ । आफ्नो देशको राष्ट्रिय झन्डा बेलुनसहित रङ्गीचङ्गी पोशाकमा सजिएका विभिन्न पेसाका स्थानीय कोरियाली जनता खुसियाली मनाउँदै । प्रजगको कोरियामा कोही पनि घर आवासविहिन नहोस् भन्ने ध्येयले समाजवादी राज्यले आफ्ना सबै जनताका लागि आवश्यकताअनुसार आवास बनाइदिने गर्छ ।

*तस्बिर : केसीएनए*

# परम्परागत सङ्गीत संरक्षण तथा प्रवर्द्धन विषयमा प्रवचन कार्यक्रम



भक्तपुर, ७ वैशाख । नेपालभाषा साहित्य तः मुंज्या (सम्मेलन) को आयोजनामा परम्परागत सङ्गीत संरक्षण तथा प्रवर्द्धन विषयमा शुक्रबार प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले भक्तपुरको सांस्कृतिक क्षेत्रको एक भाग दाफा भजनको बाजागाजाबारे ३० वर्ष अध्ययन गरी दुई भागको पुस्तक प्रकाशन गर्ने प्रा. डा. गर्ट म्याथियस वेगनरलाई धन्यवाद दिनुभयो ।

सङ्गीत सिक्ने विषय विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा राख्नुपर्ने प्राध्यापक वेगनरको सुझाव उपयुक्त भएको उहाँले बताउनुभयो ।

सांसद सुवालले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को 'सय वर्षपछिको भक्तपुर' पुस्तकअनुसार यहाँको संस्कृति र सम्पदा संरक्षण गर्न भक्तपुरका जनता लागिपरेका छन् ।"

भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गराउने विधेयक पारितसँगै ख्वप विश्वविद्यालयको विधेयक पनि पारित भए यहाँको सांस्कृतिक सम्पदा संरक्षण गर्न थप मद्दत पुग्ने उहाँले बताउनुभयो ।

सांसद सुवालले भन्नुभयो, "भक्तपुर नगरपालिकाले संस्कृति अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरेको छ । नेपालभाषा साहित्य तःमुंज्याले यहाँको दाफा भजनमा योगदान गर्ने गुरूहरूलाई बर्सेनि सम्मान गर्दै आएको छ । यसमा कुनै राजनीतिक पूर्वाग्रह राखिएको छैन ।"

उहाँले भन्नुभयो, "भक्तपुरको सङ्गीत दस्तावेज बनाई संरक्षण गर्नुपर्ने डा. वेगनरको सुझाव महत्त्वपूर्ण छ । सङ्घीय संसद्मा विचाराधीन अभिलेख संरक्षण विधेयकमा स्थानीय र राष्ट्रिय

**बाँकी पृष्ठ ८ मा**




**बस पर्खाइ लामबद्ध यात्रु**

काठमाडौँको रत्नपार्कमा सार्वजनिक सवारीसाधन चढ्न पर्खाइमा लामबद्ध रहेका सर्वसाधारण । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# पूर्वमुख्य सचिव शाक्यको अन्त्येष्टि

ललितपुर, ७ वैशाख (रासस) । पूर्वमुख्य सचिव तीर्थमान शाक्यको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । गत बुधबार ग्वार्कोस्थित बीएन्डबी अस्पतालमा निधन हुनुभएका शाक्यको बौद्ध धर्म परम्पराअनुसार शुक्रबार दिउँसो साढे एक बजे शङ्खमूलस्थित आर्यघाटमा अन्त्येष्टि गरिएको हो ।

उहाँको पार्थिव शरीरमा जेठा छोरा महेन्द्र शाक्यले दागबत्ती दिनुभयो । सोही अवसरमा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले आर्यघाट पुगेर पुष्पगुच्छासहित श्रद्धाञ्जली अर्पण गर्नुभयो । नेपाल प्रहरीको टुकुडीले गारत सम्मानसहित सलामी अर्पण गरेको थियो ।

अन्त्येष्टिमा लोकसेवा आयोगका प्रमुख माधवप्रसाद रेग्मी, आयोगका सदस्यहरू, पूर्वअध्यक्ष दिनेशचन्द्र थपलिया, संविधानसभाका सदस्य मदनबहादुर अमात्य, वाग्मती प्रदेशसभा सदस्य रामकृष्ण चित्रकार, ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ, जिल्ला प्रहरी प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक शेखर खनाल, नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकृतहरूसहितका व्यक्तित्वहरूका साथै स्थानीयको सहभागिता थियो ।

नेपाल कानुन समाजका अध्यक्षसमेत रहनुभएका शाक्य क्यान्सरसम्बन्धी रोगबाट पीडित हुनुहुन्थ्यो ।

लोकसेवा आयोगका पूर्वअध्यक्ष शाक्य ८१ वर्षको उमेरमा निधन भएको हो । उहाँ डेढ महिनाअघि मात्र भारतको दिल्लीमा स्वास्थ्य परीक्षण गरी स्वदेश फर्कनुभएको थियो । नेपालको कानुनको मस्यौदामा दख्खल प्राप्त गर्नुभएका उहाँ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिवसमेत हुनुभएको थियो ।

शाक्यका दुई छोरा र दुई छोरी हुनुहुन्छ । उहाँको श्रीमतीको करिब तीन महिनाअघि निधन भएको थियो । रासस

# हुम्लामा दैनिक उपभोग्य सामानको मूल्य घट्यो

सिमकोट, (हुम्ला) वैशाख ७ । हुम्ला उद्योग वाणिज्य सङ्घले दैनिक उपभोग्य सामग्रीको नयाँ मूल्य निर्धारण गरेको छ । सङ्घले निर्धारण गरेको अधिकांश सामानको रु. पाँचदेखि रु. ५० सम्म मूल्य घटेको छ भने खसीको मासुको मूल्य रु. एक सय बढीले घटेको जनाइएको छ ।

सिमकोट बजारमा दैनिक उपभोग्य हुने सामानको हुम्ला उद्योग वाणिज्य सङ्घले गरेको मूल्य निर्धारण गरेसँगै सम्पूर्ण व्यवसायीलाई मूल्य सूची वितरण गरिएको छ । सङ्घले वितरण गरेअनुसार नै मूल्य कार्यान्वयन गरिएको व्यवसायी बताउँछन् ।

सिमकोट बजारमा थोक व्यवसाय गर्दै आएका व्यवसायीले खुद्रा सामान बिक्री नगर्ने निर्णय गरिएको सङ्घका अध्यक्ष रामबहादुर भण्डारीले बताउनुभयो ।

बोइलर कुखुराको मासु, माछा र बँगुरको मासु प्रतिकेजी रु. सात सय, अण्डाप्रति गोटा रु. ३०, प्रतिक्यारेट रु. सात सय ५० र राँगाको मासु प्रतिकेजी रु. सात सय ५० निर्धारण गरिएको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । जिउँदो खसीको प्रतिकेजी रु. ६ सय ५०, खसीको मासु मिक्स प्रतिकेजी रु. एक हजार र खसीको नेट मासुको रु. एक हजार एक सय निर्धारण गरिएको छ ।

दैनिक उपभोग्य वस्तुमा धारा तेल तीन सय ७०, सन फलावर तीन सय सय, स्वास्तिक प्रतिलिटर दुई सय ८०, डाल्टा घ्यू दुई सय ८०, चिनी प्रतिकेजी एक सय ७०, चिउरा प्रतिकेजी दुई सय मूल्य तोकिएको छ ।

अन्य उपभोग्य वस्तुमा पनि मूल्य निर्धारण गरिएको भन्दै अधिकांश वस्तुको मुल्य घटेको उहाँले बताउनुभयो । मूल्य सूचीमा कायम भएअनुसार नै व्यापारीले सामग्री बिक्रिवितरण गरेमा बजारमा एकरुपता कायम आउने उहाँको भनाइ छ ।

# आगो निभाउने क्रममा जलेर महिलाको मृत्यु

गल्याङ (स्याङजा), ७ वैशाख । स्याङ्जाको बिरुवा गाउँपालिका-७, कुमेरदुङ बस्ने ७४ वर्षीय रेउसरी गुरुङको आगो निभाउने क्रममा शुक्रबार जलेर मृत्यु भएको छ । बारीमा कोदोको बिउ राख्नलाई पात-पतिङ्गर जलाउने क्रममा जङ्गलमा आगो सल्किएपछि उक्त आगो निभाउन खोज्दा गुरुङको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिनुभयो ।

गुरुङको घटनास्थलमै मृत्यु भएको हो । प्रहरीले घटनाका सम्बन्धमा अनुसन्धान गरिरहेको जनाएको छ ।

# वसुन्धराश्री र मानश्री पुरस्कार डा. थापा र शाहलाई अर्पण

काठमाडौँ, ७ वैशाख । विसं २०८१ को वसुन्धराश्री र मानश्री पुरस्कार वरिष्ठ कूटनीतिज्ञद्वय डा. भेषबहादुर थापा र विन्दाश्वेरी शाहलाई अर्पण गरिने भएको छ । ती दुवै पुरस्कारको राशि नगद रु. ७५ हजार र सम्मानपत्र रहेको छ । वसुन्धरा मान प्रज्ञा-प्रतिष्ठानका कुलपति डा. दुबसु क्षेत्रीको अध्यक्षतामा शुक्रबार बसेको विशेष बैठकले सो निर्णय गरेको हो ।

कूटनीतिज्ञ डा. थापा भारत र संयुक्त राज्य अमेरिकाका लागि पूर्वराजदूत एवं पूर्वपरराष्ट्रमन्त्री हुनुहुन्छ । आधुनिक नेपालको विशिष्ट कूटनीतिज्ञका रूपमा अन्तर्राष्ट्रियजगतमा नेपालको सम्पर्क र सम्बन्ध विस्तारद्वारा मुलुकको छवि र प्रतिष्ठा अभिवृद्धि गरी विश्व समुदायमा नेपाल र नेपालीको स्थान र पहिचान उच्च र अक्षुण्ण राख्न कूटनीतिज्ञ डा. थापाको महत्त्वपूर्ण योगदान रहेको प्रतिष्ठानद्वारा शुक्रबार जारी विज्ञप्तिमा जनाइएको छ ।

यसैगरी, कूटनीतिज्ञ शाहले पहिलो नेपाली कूटनीतिज्ञ र पहिलो महिला राजदूतका रूपमा विशिष्ट परिचय कायम गर्नुभएको छ । उहाँले नेपाल सरकारको वरिष्ठ कूटनीतिज्ञका रूपमा अन्तर्राष्ट्रियजगतमा नेपालको सम्पर्क र सम्बन्ध विस्तारद्वारा मुलुकको छवि र प्रतिष्ठा अभिवृद्धि गरी विश्व समुदायमा नेपाल र नेपालीको स्थान र पहिचान उच्च र अक्षुण्ण राख्न महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको विज्ञप्तिमा जनाइएको छ ।

# विपद्‌जन्य घटना न्यूनीकरणमा जोड

कञ्चनपुर, ७ वैशाख (रासस) । दोदा जलाधार क्षेत्र बहुसरोकार मञ्चमा आबद्ध पालिकाका प्रमुखहरु जलवायु परिवर्तनका कारण उत्पन्न हुने विपद्‌जन्य घटना न्यूनीकरण गर्नको लागि सहमत भएका छन् ।

शुक्रबार शुक्लाफाँटा नगरपालिकामा आयोजित मञ्चको बैठकमा सहभागीहरुले विपद्‌बाट हुने धनजन, जीविकोपार्जन, भौतिक पूर्वाधार, सामाजिक पूर्वाधार, सांस्कृतिक, वातावरणीय क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्नका लागि रणनीतिक क्रियाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना बनाई कार्यान्वयनमा ल्याउने भएका हुन् ।

विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनःस्थापन तथा पुनः निर्माणको सुदृढीकरणसँगै उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम न्यूनीकरण र जोखिम रोकथाम गर्ने रणनीतिक योजनाको मुख्य उद्देश्य रहेको मञ्चका अध्यक्ष एवं शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले बताउनुभयो ।

विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनको दृष्टिकोणले अत्यन्तै संवेदनशील दोदा जलाधार क्षेत्र संरक्षण संवर्द्धन गर्न बहुसरोकार मञ्चको गठन गरिएको हो । मञ्चको उद्देश्यमा जलाधार क्षेत्रको उत्थानशीलता अभिवृद्धि गर्न पारस्पारिक रुपमा सहकार्य समन्वय गर्नु रहेको छ ।

# सांसद खानद्वारा शपथग्रहण

काठमाडौँ, ७ वैशाख (रासस) । सभामुख देवराज घिमिरले प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीद्वारा नवनिर्वाचित सांसद हसिना खानलाई पद तथा गोपनीयताको सपथ गराउनुभएको छ ।

सिंहदरबारस्थित संसद् सचिवालयमा शुक्रबार आयोजित कार्यक्रममा सभामुख घिमिरले सांसद खानलाई पद तथा गोपनीयताको सपथ गराउनुभयो । सभामुख घिमिरले सांसद खानलाई सांसद अङ्कित प्रतीक चिन्ह ( लोगो) र खादा ओडाएर बधाई ज्ञापन गर्नुभयो ।

सङ्घीय संसदको कानुनबमोजिम कुनै पनि नवनिर्वाचित सदस्यले बैठकमा भाग लिनु अघि सभामुखसमक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्ने कानुनी व्यवस्था छ । सो अवसरमा सचिवालयको तर्फबाट सङ्घीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेयले बधाई तथा शुभकामना व्यक्त गर्दै संसद सचिवालयद्वारा उपलब्ध गराउने नेपालको संविधान, संसद् नियमावलीलगायत अन्य कानुन कागजातहरु उपलब्ध गराउनुभयो ।

सांसद खान जनता समाजवादी पार्टीबाट निर्वाचित हुनुभएको हो । केही समयअघि सो पार्टीका मञ्जु अन्सारी शर्माको निधन भएपछि सांसद खान निर्वाचित भएको जानकारी निर्वाचन आयोगले संसद सचिवालयलाई जानकारी गराएको थियो । स्नातक तहसम्म अध्ययन गर्नुभएकी सांसद खान २९ वर्षकी हुनुहुन्छ ।

हार्दिक श्रद्धाञ्जली



सुलोचना अग्रवाल

जन्म : २०२०/०५/१५ निधन :२०८०/१२/२५

यस विद्यालयका प्रिन्सिपल सुरेशकुमार अग्रवालकी श्रीमती **सुलोचना अग्रवाल**को अकस्मात् देहावसानले हामी विद्यालय परिवार मर्माहत भएका छौं । यस शोकाकुल घडीमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

प्रिन्सिपल
प्रदिप क्षेत्री
तथा विद्या विकास आ. मा. विद्यालय परिवार
जगाती, भक्तपुर

## सङ्क्षिप्त समाचार

## प्रतिपक्षीको बहिष्कारपछि गण्डकी प्रदेशसभाको बैठक स्थगन

कास्की, ७ वैशाख (रासस)। प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेसले बहिष्कार गरेपछि गण्डकी प्रदेशसभाको बैठक अनिश्चितकालका लागि स्थगन भएको छ ।

सभाको शुक्रबारको बैठकमा प्रदेश प्रमुख डिल्लीराज भट्टले पठाएको अधिवेशन आह्वानसम्बन्धी पत्र सभामा सुनाएर बैठक स्थगन गरिएको हो। प्रतिपक्षी बेञ्च खाली भएपछि सभामुख कृष्णप्रसाद धितालले ६ मिनेटमै अर्को सूचना जारी नभएसम्मको लागि बैठक स्थगन गर्नुभएको हो।

नेपाली काङ्ग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका सभा सदस्यहरु बैठकमा उपस्थित नभएपछि अर्को सूचना नभएसम्मका लागि बैठक स्थगन भएको सभामुखले सभामा जानकारी गराउनुभयो।

## कोसी प्रदेश: सङ्कल्प प्रस्ताव बहुमतले पारित

विराटनगर, ७ वैशाख (रासस)। कोसी प्रदेशसभाको शुक्रबारको बैठकमा सङ्कल्प प्रस्ताव बहुमतले पारित भएको छ। सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गर्नुभएको सो सङ्कल्प प्रस्ताव बहुमतले पारित भएको हो।

प्रदेशसभा नियमावली २०७४ (पहिलो संशोधन) समेतको नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम नेपाल कम्युनिस्ट पार्टी (एमाले) संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले बिहीबार प्रदेशसभामा सो सङ्कल्प प्रस्ताव पेस गर्नुभएको थियो।

प्रस्तावलाई सभामुखले मत विभाजन गरी निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो। उहाँले प्रस्तावको पक्षमा ५२ जना, तीन तटस्थ र विपक्षमा रहने सदस्यहरू सहभागी हुन नचाहेकाले प्रस्ताव बहुमतले पारित भएको ब्यहोरा पढेर सुनाउनुभयो।

छलफलमा उठेका विषयमा मुख्यमन्त्री केदार कार्कीले आफूले ८६ जनाको विश्वासको मत प्राप्त गरेको बताउनुभयो। आफूले प्रक्रिया पूरा गरी विश्वासको मत लिएको उहाँको भनाइ थियो।

मुख्यमन्त्री कार्कीले आफूले संविधान र कानुनअनुसार नै काम गरेकाले सङ्कल्प प्रस्ताव फिर्ता लिन आग्रह गर्नुभएको थियो। रासस

## स्वास्थ्य बीमाबारे भ्रामक सूचनाको भर नपर्न स्वास्थ्य मन्त्रालयको अनुरोध

काठमाडौँ, ७ वैशाख (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य बीमाबारे भ्रामक विज्ञापन तथा सूचना प्रसारणमा भर नपर्न अनुरोध गरेको छ। मन्त्रालयले एक सूचना जारी गर्दै विगत केही दिनदेखि फेसबुकलगायत सामाजिक सञ्जालमा नेपाल सरकारको लोगो प्रयोग गरी स्वास्थ्य बीमाप्रति भ्रामक सूचना फैलिएको भन्दै त्यसमा कुनै सत्यता नभएको जनाएको हो।

सूचनामा भनिएको छ, "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका नाममा विभिन्न उमेर समूहका लागि नि:शुल्क स्वास्थ्य बीमा भनी भ्रामक विज्ञापन तथा सूचनाहरू प्रसारण गरेको पाइएको छ। यस्ता सूचना/विज्ञापनमा कुनै सत्यता नभएकोले यस प्रकारका सूचना/विज्ञापनमा नहेर्नुहुनसमेत सम्पूर्ण सर्वसाधारणमा अनुरोध छ।"

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सामाजिक सञ्जालमा आएका गलत तथा भ्रामक सूचना तथा विज्ञापन प्रसारण गर्नेलाई विद्यमान कानुनअनुसार सम्बन्धित निकायमार्फत कारबाही प्रक्रिया अघि बढाइ सकिएको जानकारी गराउनुभयो। उहाँले सर्वसाधारणलाई पनि भ्रामक सामग्रीको प्रयोग नगरी जानकारीको लागि आधिकारिक निकायमा सम्पर्क गर्न अनुरोध गर्नुभयो। रासस

## शमी साहित्य साधना सम्मान घोषणा

काठमाडौँ, ७ वैशाख। शमी साहित्य प्रतिष्ठानले 'शमी साहित्य साधना सम्मान' बाट विभिन्न साधकलाई प्रत्येक वर्ष रु. एक लाख एक हजार एक सय एक राशिको पुरस्कारसहित सम्मान प्रदान गर्दै आएको छ। प्रतिष्ठानले तीन वर्षदेखि विभिन्न साधकलाई उक्त पुरस्कार प्रदान गर्दै आएको हो।

प्रतिष्ठानले संयुक्तरुपमा २०७८ का लागि कृष्ण गौतम र राप्रउ पोखरेल, २०७९ का  लागि ज्ञान उदास र रामबाबु घिमिरे तथा २०८० का लागि प्रेमविनोद नन्दन र कृष्णप्रसाद दाहाललाई सो सम्मान प्रदान गर्ने निर्णय गरेको हो। प्रतिष्ठानका अध्यक्ष प्रदीप नेपालको अध्यक्षता र संरक्षक डोलिन्द्रप्रसाद शर्माको उपस्थितिमा सम्पन्न बैठकले सिफारिस समितिको सिफारिसका आधारमा प्रतिभा चयन गरेको जनाएको छ। रासस

## रासायनिक मल काठमाडौँमा

चौतारा (सिन्धुपाल्चोक), ७ वैशाख। चीनबाट आयात गरिएको रासायनिक मल तातोपानी भन्सार कार्यालयबाट काठमाडौँतर्फ धमाधम ढुवानी भइरहेको छ। करिब ११ महिना गोदाममा थन्किएको मल आयातकर्ता ट्रान्स सिल्कले आवश्यक प्रक्रिया पूरा गरेसँगै मल काठमाडौँतर्फ ढुवानी भएको हो। कृषि सामग्री कम्पनी र आयातकर्ताबिच सहमति भएपछि तीन हजार पाँच सय टन मल काठमाडौँ पठाइएको भन्सार कार्यालयले जनाएको छ।

तातोपानी भन्सार कार्यालयका प्रमुख दयानन्द केसीका अनुसार तीन हजार पाँच सय टन मलमध्ये हालसम्म एक हजार दुई सय टनभन्दा बढी मल जाँच पास भएर काठमाडौँ पुगेको छ। बाँकी मल पनि जाँच पास प्रक्रियामा रहेकाले चाँडै नै काठमाडौँ पुग्नेछ। रासस



इलाम क्षेत्र नं. २ को उपनिर्वाचनमा नेपाल मजदुर किसान पार्टीका उम्मेदवार श्यामबहादुर दर्जीसहित पार्टीका कार्यकर्ताहरू गाउँगाउँ बस्ती बस्ती पुगी पार्टीको विचार प्रचार गर्दै मतदाताहरूसित मत माग्दै वैशाख ७ गते शुक्रबार। *तस्बिर : कृष्ण गरु / मजदुर दैनिक*

# गत वर्ष सडकमार्गबाट चार लाख पर्यटक मुस्ताङ पुगे

गलेश्वर (म्याग्दी), ७ वैशाख। अघिल्लो वर्षको वैशाख १ देखि चैत ३० गतेसम्म सडकमार्ग हुँदै हिमालपारिको जिल्ला मुस्ताङमा चार लाख पर्यटक पुगेका छन्।

म्याग्दी-मुस्ताङ छिर्ने नाकाअन्तर्गतको घासा प्रहरीचौकीमा रहेको तथ्याङ्कअनुसार गत वर्षको वैशाख १ गतेदेखि चैत मसान्तसम्म चार लाख १४ हजार दुई सय ८० जना आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ पुगेका हुन्।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेका अनुसार सडकमार्ग हुँदै मुस्ताङ प्रवेश गर्ने आन्तरिक पर्यटकको सङ्ख्या तीन लाख ३५ हजार चार सय ६६ छ। तीमध्ये दुई लाख २० हजार सात सय २४ जना पुरुष छन् भने महिलाको सङ्ख्या एक लाख १४ हजार सात सय ४२ छ।

विसं २०८० मा ७८ हजार आठ सय १४ बाह्य पर्यटक मुस्ताङ घुमेका छन्। यीमध्ये ७२ हजार सात सय ५६ जना सार्क राष्ट्रभित्रका हुन् भने ६ हजार ५८ जना सार्कराष्ट्र बाहिरका रहेका प्रनाउ पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार सार्क राष्ट्रबाट ३८ हजार आठ सय २१ पुरुष र ३३ हजार नौ सय ३५ महिला छन्।

सार्क राष्ट्र बाहिरबाट तीन हजार छ सय ४८ पुरुष र दुई हजार चार सय १० महिला मुस्ताङ पुगेका प्रहरीको तथ्याङ्कबाट देखिएको छ। सोही अवधिमा हवाइमार्गबाट ११ हजार चार सय ८४ पर्यटक मुस्ताङ भित्रिएका छन्। यीमध्येका एक हजार एक सय ३४ पुरुष र पाँच सय ४५ महिला गरी एक हजार ६ सय ७९ आन्तरिक पर्यटक रहेका प्रनाउ पाण्डेले जानकारी दिनुभयो।

मुस्ताङ आफैँमा निकै सुन्दर, आकर्षक र मनमोहक छ। मुस्ताङमा घुमफिर गरेर रमाउनका लागि थुप्रै धार्मिक, पर्यटकीय र ऐतिहासिकस्थल रहेका छन्। पछिल्लोपटक मुस्ताङमा स्वदेशी र विदेशी पर्यटक धेरै पुग्ने गरेका छन्।

मुस्ताङ प्रवेशद्वारमा रहेको थासाङ गाउँपालिकामा पर्यटकीय टिटीताल पर्दछ। यसका साथै यहाँ सेकुङ ताल, धौलागिरि आइसफल, टुकेचे (हिमाल) पिक, भुसर्तोताल, नाउरीकोटा गाउँ भएको थियो।

यसैगरी घरपझोङ गाउँपालिकामा जोमसोम बजार, पर्यटकीय ढुम्बाताल, छेमाताल, यारुजो डाँडा (भ्यु-प्वाइन्ट), कुछपतेरङ्गा गुम्बा, छैरु गाउँ (जहाँ तिब्बतीयनहरू बस्दछन्), मार्फा गाउँ र स्याउ बगैँचा रहेका छन्।

बाह्रगुङ मुक्तिक्षेत्र गाउँपालिकामा प्रसिद्ध मुक्तिनाथ मन्दिर पर्दछ। यस्तै यहाँ कागबेनी (पितृ तर्पण दिने स्थान), तिरीगाउँ, १२ वटा गाउँहरू, तिरीताल (डोल्पा जाने बाटोमा पर्ने), छुसाङ पारी ऐतिहासिक गुम्बा र तेताङ नुनखानीसमेत पर्दछ।

लो-घेकर दामोदरकुण्ड गाउँपालिकाभित्र दामोदरकुण्ड (पवित्र कालीगण्डकी नदीको उत्पत्ति भएको स्थान), चुङ्सी गुफा, घिलिङ गाउँलगायत बस्ती र धार्मिक तथा पर्यटकीय क्षेत्रहरू पर्दछन्। त्यस्तै उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा लोमान्थाङ गाउँ 'माटोको सहर' को नामले पनि चिनिन्छ।

मुस्ताङ भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकहरू खासगरी म्याग्दीको बेनी हुँदै सवारीसाधनमार्फत पुग्ने गरेका छन्। कतिपय पर्यटकहरू ट्रेकिङ एजेन्सीमार्फत पर्यटक गाइडहरूको सहयोगमा मनाङको थोरङ्लापास क्षेत्र र कोही पर्यटक पोखरा-जोमसोम हवाईमार्गबाट पनि पुग्ने गर्दछन्। रासस

# अवैध औषधि बेच्ने दुई मेडिकल बन्द

ढोरपाटन (बागलुङ), ७ वैशाख (रासस)। बागलुङमा अवैध रूपमा औषधि बेच्ने दुई मेडिकल हल बन्द गरिएको छ। जिल्ला प्रशासन कार्यालय बागलुङ र औषधि विभाग काठमाडौँले शुक्रबार अनुगमन गर्दा अवैध रूपमा औषधि बिक्री-वितरण गर्ने धौलाश्री मेडिकल हल र बुद्ध डेन्टल होम बन्द गरेको हो।

अनुगमनका क्रममा औषधि व्यवस्था विभागमा दर्ता नभएका, जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने औषधि बेचबिखन गरेको पाइएपछि दुईवटा मेडिकल बन्द गरेको जिल्ला प्रशासन कार्यालय बागलुङका नायब सुब्बा रामप्रसाद उपाध्यायले बताउनुभयो।

सम्बन्धित व्यवसायीको अनुपस्थितिमा गैरव्यक्तिले अनाधिकृत रूपमा उपचार गरी औषधि बिक्री-वितरण गरेको, विभागमा दर्ता नभएका औषधि भण्डारण गरी बिक्री-वितरण गरेको, लागू मनोद्विपक औषधिको रेकर्ड नराखेको पाइएपछि औषधि जफत गरी तत्कालका लागि मेडिकल बन्द गरिएको उहाँको भनाइ छ।

अनुगमनका क्रममा देखिएका कमजोरीका विषयमा तीन दिनभित्र औषधि व्यवस्था विभागमा सम्बन्धित व्यवसायीलाई कारणसहित उपस्थित हुन लिखित रूपमा अनुरोध गरिएको उपाध्यायले बताउनुभयो। अनुगमनका क्रममा अस्पताल रोडको बुद्ध डेन्टल होम पनि बन्द गरिएको छ। डेन्टल होम सञ्चालनका लागि आवश्यक पर्ने कागजपत्र फेला नपरेको र सञ्चालकसमेत फेला नपरेकाले तीन दिनभित्र जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन निर्देशन दिएर डेन्टल होम बन्द गरिएको हो।

## इजाजतपत्रबिना सञ्चालित अस्पतालको महानगरद्वारा अनुगमन

विराटनगर, ७ वैशाख (रासस)। विराटनगर महानगरपालिका-३ दूधफारमस्थित पूर्व विराट निदान अस्पताल एन्ड ट्रमा सेन्टरले इजाजतपत्र बिना स्वास्थ्य सेवा प्रवाह गरेको  गुनासो आएपछि विराटनगर महानगरपालिकाले अनुगमन गरेको छ। सामाजिक विकास समितिका संयोजक काजीबहादुर बस्नेतको टोलीले शुक्रबार अनुगमन गर्दा महानगरपालिकाबाट व्यवसाय दर्ता नभएको, सम्बन्धित निकायबाट इजाजतपत्र नलिई सञ्चालन गरेको पाइएको छ।

व्यवसाय दर्ता र इजाजतपत्र सम्बन्धित निकायबाट लिन प्रक्रिया सुरू गरे पनि प्राप्त नभईकनै सञ्चालन गरेको देखिएको महानगरका स्वास्थ्य महाशाखा प्रमुख दिलीप यादवले जानकारी दिनुभयो। अस्पतालमा बिरामी नभए पनि औषधि पसलसहित अन्य केही सेवा सञ्चालनमा रहेको पाइएको उहाँले बताउनुभयो। अनुगमन टोलीले इजाजतपत्र प्राप्त नभएसम्म कुनै पनि स्वास्थ्य उपचार नगर्न निर्देशन दिएको छ। यादवले सही तरिकाले काम गर्नेलाई महानगरले सधैँ सहयोग गर्न तयार रहेको स्पष्ट पार्नुभयो। महानगरले बिना दर्ता सञ्चालनमा रहेका अन्य व्यवसायको पनि अनुगमनलाई तीव्रता दिएको छ।

## पाथीभरा क्षेत्रमा मदिरा बिक्री, सेवनमा प्रतिबन्ध

फुङ्लिङ (ताप्लेजुङ), ७ वैशाख। ताप्लेजुङको प्रसिद्ध तीर्थस्थल पाथीभरा क्षेत्रमा मदिरा बिक्री तथा सेवनमा प्रतिबन्ध लगाइएको छ।

पाथीभरा क्षेत्र विकास समितिले सार्वजनिक सूचना जारी गरेर काफ्लेपाटी, बलुडाँडा, गुराँसे, माथिल्लो फेदीबजार तथा होटलमा मदिरा बेच्न तथा सेवनमा निषेध गरेको हो। तीर्थयात्रीको सुरक्षा र स्वास्थ्यलाई दृष्टिगत गरी मदिरा निषेध गरिएको जनाइएको छ।

पाथीभरा क्षेत्रमा मदिराजन्य पदार्थको सेवन, ओसारपसार र बिक्री पूर्ण रूपमा निषेध गरिएसँगै यसको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षसँग समितिले आग्रह पनि गरेको छ।

। सम्पादकीय ।

# भ्रष्टाचारीहरू दण्डित हुनुपर्छ

देशमा भइरहेको घटना परिघटनालाई अनुमानको भरमा मूल्याङ्कन गर्दा त्यो सही हुन्छ भन्ने होइन । आशङ्काकै आधारमा राजनीतिक विश्लेषण गरेर देशको राजनीतिलाई तताउँदा सर्वसाधारण जनतामा मात्र होइन नेता तथा कार्यकर्तामा पनि अन्योल सिर्जना हुन्छ । नेताहरूबिचको भेटघाट र अभिव्यक्तिलाई लिएर राजनीति तताउँदा एकक्षणको निम्ति मन ताने पनि आखिर त्यो गलत साबित भइरहेको हामी दिनदिनैको सञ्चारमाध्यममा पाइरहेका छौँ । यसरी अतिरञ्जित प्रचार गर्ने काममा कति लेखक, बुद्धिजीवी र राजनीतिक विश्लेषकहरू परेका छन् । सञ्चार माध्यममा ‘गठबन्धन विघटनको काउन्ट डाउन सुरु’, ‘प्रम प्रचण्ड सङ्कटमा’, ‘देउवा कि माधव प्रम ?’, ‘माधवको पार्टी फुट्ने’, ‘जीबी राइलाई बचाउन रवि लामिछानेको विरोध’, ‘माधव नेपाल जेल जाने’, जस्ता तात्तातो कुरा सञ्चारमाध्यममा फुकिरहेका छन् । कुनै दिन त्यो आशङ्का या आकलन व्यवहारमा लागु हुन पनि सक्ला । तर, गहिरो अध्ययन नगरी सतही ढङ्गले राजनीतिलाई तताएर या तात्तातो कुरा फुकेर देश र जनताको समस्या बेवास्ता गर्नेतर्फ लाग्दा देशमा कसरी परिवर्तन हुन्छ ?

कति युवा, विद्यार्थी र शिक्षकहरू पनि त्यस्तै त्यस्तै तात्तातो कुरा सुन्न र हेर्नमा भुल्छन्, भुलिरहेका छन् । त्यस्तै सञ्चारहरूमा हजारौँले शेयर गर्छन् । देश र जनताको आवश्यकता सही या गलत नछामी तात्तातो कुरा सुन्नु होइन, न त कसैले फलाक्नु नै हो । आशङ्काको आधारमा तात्तातो कुरा फुकेर देश र जनताको समस्या समाधान गर्ने विषय भुलेर सञ्चार माध्यम र राजनीतिक विश्लेषकहरूले देशलाई कतातिर लान खोजिरहेका छन् ? हरेक सञ्चार माध्यम, राजनीतिक दल, नागरिक समाज या अन्य कुनै पनि क्षेत्र या समुदायको काम देशमा भइरहेको शोषण, भ्रष्टाचार, अनियमितता अन्त्य गर्नेतर्फ पाइला चाल्ने हुनुपर्छ; देश जोगाउने र बनाउने हुनुपर्छ । बहुमत जनताको हित हुने ऐन कानुन बनाउने हुनुपर्छ । अतिक्रमित भूमि फिर्ता लिने हुनुपर्छ । नेपाल–भारत सीमा व्यवस्थित गर्ने हुनुपर्छ । भागबन्डा, पद र पैसाको राजनीति छोडेर आ–आफ्नो दलको सिद्धान्त र विचारको राजनीति गर्नुपर्छ । भ्रष्टाचारीहरू दण्डित हुनुपर्छ । पदको दुरुपयोग गरी अकुत सम्पत्ति कमाउने बाटो छोड्नुपर्छ । राजनीति इमानदारीपूर्वक गर्नुपर्छ । सत्ता र शक्तिको लागि सिद्धान्त र विचार छोड्ने राजनीति अन्त्य गर्नुपर्छ । सरकारको नेतृत्व गर्ने र मन्त्री बन्न पाउने नाउँमा सिद्धान्त र बन्धक राखी जुनसुकै दलसँग मिल्ने या गठबन्धन गर्ने राजनीति छोड्नुपर्छ ।

मार्गनिर्देशक गर्ने या पथप्रदर्शकहरू नै चारित्रिक र नैतिकरूपमा भ्रष्ट भएपछि देशमा कसरी विधिको शासन हुन्छ ? सत्ता समीकरणको कुरा खोकेर  एक दलले अर्को दलका नेता, मन्त्री र सांसदहरूलाई भ्रष्टाचारको आरोप लागेका व्यक्तिहरूलाई छायामा पार्ने काम कतै सत्तासीन र ठुला दलका नेताहरूले गरिरहेका छैनन् ? मिटरब्याज पीडित, उखु कृषकहरूको समस्या समाधान गर्नेतर्फ सरकारको पाइला खोइ ? नेपाल–भारत सीमा व्यवस्थापन गर्ने, देशमा रासायनिक मल कारखाना खोल्ने, आवश्यक आधारभूत वस्तु उत्पादन गरेर देशलाई आत्मनिर्भर बनाउनेतर्फ सरकारको ध्यान खोइ ? क्रान्तिकारी भूमिसुधार लागु गरेर कृषकहरूको जीवनस्तर उठाउने या सुनिश्चित जीवन बनाउनेतर्फ सरकारको किन ध्यान गएन ? सत्ता बाहिर रहुञ्जेल खुब क्रान्तिकारी हुनुपर्ने, सरकारको हुनसम्मको आलोचना गर्ने तर सरकारमा सामेल भएपछि आफूले उठाएका सबै कुरा भुल्ने, छोड्ने या वास्ता नगर्ने सत्तासीन र ठुला दलका नेताहरूको अडान र प्रतिबद्धता खोइ ?

सरकारले मिटरब्याज, लघुवित्तजस्ता वित्तीय लुटपाट, भ्रष्टाचार र अनियमितता सबै प्रकरणका मुद्दाहरूको सत्यतथ्य खोजी छानबिन गरी दोषीलाई कारबाही र निर्दोषीलाई मुक्त गर्नेतर्फ सरकार लागिपरेको छैन । राज्यले सबै कमैया, हरूवाचरुवा, हलियाहरूको समस्या समाधान गरेको छैन; भूमिहीन भूमिको व्यवस्था गरेको छैन । देशको आयस्रोत बढाउन प्रगतिशील कर लागु गरेको छैन । भ्रष्टाचारी, कालाबजारी, हत्या–हिंसामा मुछिएका व्यक्तिहरूलाई मुक्त गरेर अपराधीहरूलाई पोस्ने काम सरकारले गरेको छ । यथार्थमा देशको विकास जाममा परेको छ । शासकहरूले जनताको राजनीति गरिरहेका छैनन् । पुस्तौँ पुस्तासम्म जबरजस्त बँधुवा श्रमिक बनाउने भूसामन्तलाई कारबाही गरिएको छैन न त उनीहरूको जीवन सुनिश्चित गर्न मोहियानी हकको व्यवस्था नै गरिएको छ । सरकारले त जबरजस्त कृषक, बँधुवा र कमैयालाई भूमिहीन बनायो र जीवन अनिश्चित बनायो । जमिनदार र सामन्तको कब्जामा रहेको जमिन कृषि श्रम या आबद्ध कृषकहरूलाई दिनुपर्थ्यो तर दिइएको छैन । यसले देशलाई अन्योल बनायो; अस्तव्यस्त बनायो, अस्थिर बनायो । जनतालाई निरास बनायो । शासकहरूको गैरजिम्मेवारीले गर्दा देश आर्थिक सङ्कटमा पर्‍यो । यो देशको लागि दुर्भाग्य हो ।

# पुँजीवादी प्रजातन्त्र र अध्यादेशको शासन !

✦ विवेक

नेपाल सरकारले २०८१ वैशाख १ गतेबाट संसद् अधिवेशन बन्द गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्‍यो । हिउँदे अधिवेशन मूलत: विधेयक अधिवेशन हो । यो अधिवेशनबाट धेरै वटा विधेयकहरू पारित गर्ने दाबी गरिए पनि केहीबाहेक पारित हुन सकेन । निजामती कर्मचारीसम्बन्धी विधेयक, शिक्षा विधेयक, प्रहरी समायोजनसम्बन्धी विधेयकजस्ता सङ्घीयता कार्यान्वयनका लागि अति आवश्यक मानिएका विधेयकहरूसमेत पारित हुन सकेन । संसद्को मुख्य काम कानुन निमार्णतिर भन्दा पनि शासक दलहरू प्रतिपक्षमा पुग्नासाथ संसद् अवरोधलाई हतियार बनाई सरकारलाई दबाब दिन खोज्नु संसद् निष्कृय हुनुको मुख्य कारण हो ।

उपप्रधान तथा गृहमन्त्री रबि लामिछाने सहकारी संस्थाको रकम हिनामिना प्रकरणमा मुछिएको दाबी गर्दै नेकाको तर्फबाट संसद् सुचारु हुन नदिएको कारण देखाउँदै संसद् अधिवेशन बन्द गर्ने सिफारिस गरिएको बताइएको छ । रवि लामिछानेसमेत प्रबन्ध निर्देशक रहेको ग्यालेक्सी टीभीले सूर्यदर्शन सहकारी संस्थालगायत धेरै वटा सहकारी संस्थाबाट ऋण लिएको सार्वजनिक भएको छ । त्यो कुरालाई गृहमन्त्रीले अस्वीकार गर्दै आएका छन् । त्यसबारे अध्ययन गर्न संसदीय समिति गठनको माग नेपाली काङ्ग्रेसले गर्दै आएको हो ।

संसद् पूर्ण वाक् स्वतन्त्रता हुने देशको एक मात्र ठाउँ हो । त्यहाँ बोलेको कुनै पनि कुरालाई लिएर अदालतमा मुद्दासमेत चलाउन नपाइने संवैधानिक व्यवस्था छ । त्यो उच्च निकायमा आफूमाथि उठेको प्रश्नको जवाफ दिन सबैले पाउनुपर्छ । आरोपित व्यक्तिले सम्बन्धित ठाउँबाट

*पुँजीवादी व्यवस्था कस्तो हुन्छ, नेपाली जनताले बिस्तारै बुझ्दै छन् । पुँजीपतिवर्गले संसदीय प्रजातन्त्रको खुबै प्रशंसा गर्छन् तर जनप्रतिनिधिहरूले संसद्मा बोल्नसम्म पनि नपाइने हामी कस्तो प्रजातन्त्रको अभ्यास गर्दै छौँ ? संसद् केही शासक दलहरूले मनोमानी गर्ने थलोको रूपमा विकास हुँदै छ । संसद् राम्ररी नचलेको कारण यो निर्वाचन प्रणालीमाथि नै प्रश्न उठ्न थालेको छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली उचित हुने धारणा पनि बाहिर आउँदै छ । सङ्घमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको व्यवस्था गर्न सकिए तथा समानुपातिक निर्वाचन प्रणालीलाई खारेज गर्न सके राम्रो हुने हो कि ? यो अबको छलफलको विषय हुनसक्छ ।*

स्पष्ट पार्न नदिनु कसरी प्रजातान्त्रिक हुनसक्छ ? व्यक्ति र पात्रको अनुहार हेरेर होइन, भोलि अन्य पार्टीका सांसद वा मन्त्रीको बारे पनि यस्ता प्रश्नहरू उठ्नेछन् । आरोप लागेकै भरमा राजीनामा दिनुपर्ने र राजीनामा नदिएसम्म प्रतिपक्षले संसद् चल्न नदिने परम्परा बस्यो भने हाम्रो संसद् कहिले पनि राम्रोसँग चल्न सक्दैन । विषयवस्तुको गम्भीर्यताको आधारमा संसदीय समिति गठन गर्न संसद् स्वतन्त्र हुनुपर्छ ।

न्यायालयले विशुद्ध कानुनको आधारमा मात्रै कुनै पनि मुद्दाको फैसला गर्छ भने सार्वभौम संसद्ले त देशको आवश्यकताअनुसार कानुन आफैँ बनाउन, संशोधन गर्न र खारेज गर्न सक्छ । त्यहाँ नैतिक मूल्य र मान्यताको पनि परीक्षण हुन्छ । कसैबाट कानुनविपरीत गलत काम भएको रहेछ भने अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण आयोग, सहकारी रकम हिनामिनासम्बन्धी कानुनबमोजिम कारबाहीका थुप्रै बाटाहरू छन् । तर, नेकाले त्यसलाई अवलम्बन नगरी किन संसदीय समिति गठन गर्नमै जोड दियो ? त्यो भने बुझ्न नसक्नुछ । संसद्मा नेका, एमाले र माओवादी मात्रै छैनन् । अन्य धेरै पार्टीका सांसदहरू पनि छन् । ती सांसदहरू पनि अहिले आवाजविहीन भएका छन् । जनताका दु:ख, पीडा र समस्याहरू सदनमा प्रस्तुत गरेर सरकारको ध्यानाकर्षण गरी जनताको समस्या सम्बोधनमा जोड दिनु प्रत्येक सांसदको कर्तव्य हो । संसद् सञ्चालनमा अवरोध पुर्‍याउनु सांसदहरूको बोल्ने हक खोस्नु हो । अवरोधको नाउँमा अन्य सांसदहरूलाई बोल्न बन्देज लगाउनु अप्रजातान्त्रिक कार्य हो ।

देशका लागि आवश्यक नयाँ नयाँ कानुनहरू निर्माण गर्न प्रस्तावहरू पेस गर्नु, देश हितविपरीतका सन्धि सम्झौताहरू अनुमोदन हुन नदिनु र जनविरोधी विधेयकहरू पारित गर्न रोक्ने प्रयास गर्नु प्रतिपक्ष सांसदहरूको कर्तव्यभित्र पर्छ । सत्ता पक्ष र प्रमुख प्रतिपक्षबिचको द्वन्द्वले कतिपय विधेयकहरू संसद्मा पेस नै भएनन् र अन्य दलका सांसदहरूले त्यसबारे आफ्नो दृष्टिकोण राख्न पाएनन् । बहुदलीय प्रजातन्त्र भनिए पनि संसद् केही शासक दलहरूको स्वेच्छाचारी गर्ने थलो मात्रै भएको छ ।

नेका सरकारबाट हट्न परेको पीडाको कारण संसद् अवरोधमा उत्रेको भन्नेहरूको पनि कमी छैन । सरकारबाट नेका हट्नुपर्ने कारण पनि नेका आफैँले निर्माण गरेको हो । प्रचण्ड नेका गठबन्धनबाट अलग हुने बहाना खोज्दै थिए । कोसीमा राष्ट्रिय सभा निर्वाचनमा माओवादी उम्मेदवार हार्नु, काङ्ग्रेसका केही मन्त्रीहरूलाई हटाउन पटकपटक प्रयास गर्दा पनि असफल हुनु प्रचण्ड नेकादेखि रुष्ट हुनाका कारणहरू हुन् । ठीक त्यही बेला नेकाको अधिवेशनले आगामी २०८४ मा कसैसँग पनि गठबन्धन नगरी चुनाव लड्ने महामन्त्री गगन थापाको प्रस्ताव पारित गर्नाले प्रचण्डले राम्रो बहाना पाए । नेकासँगको सम्झौताबमोजिम २ वर्ष प्रधानमन्त्री बन्न पाउनेमा पनि उनमा आशङ्का उब्जिसकेको थियो । ‘के निहुँ पाउँ कनिका बोकाउँ’ भन्नेझैँ भयो । प्रचण्डले एमालेसँग भित्रभित्र छलफल गरिरहेको नेकाले चाल पाउन सकेन । अकस्मात् एमालेसित मिलेर प्रचण्डले नयाँ  गठबन्धन सरकार बनाएपछि नेका छाँगाबाट खसेको जस्तो भयो । संसद् अवरोधमा केन्द्रित हुन पुग्यो । यो अवस्था नेका सरकारबाट बाहिरिनु पर्नाको छटपटी मात्रै हो ।

संसद् भनेको बौद्धिक अभ्यास गर्ने थलो हो । कानुनबमोजिम गठित सरकारलाई कानुनअनुसार नै विस्थापित गर्ने कोसिस गर्नुपर्छ । सरकारले गरेका हरेक नराम्रा कामहरू जनसमक्ष पुर्‍याइ सरकारलाई असफल गर्न खोज्नु र आफू सरकारमा जान खोज्नु प्रमुख प्रतिपक्षको मुख्य काम हो । नेकाले अहिले रचनात्मक भूमिका खेली वर्तमान सरकारको जनविरोधी कामहरू गर्न रोक्ने प्रयास गरेको भए धेरै राम्रो हुने थियो । किनभने, प्रचण्ड अस्थिर नेता हुन् । उनले कुनै पनि बेला एमालेलाई छोड्न सक्छन् । यसपछि पालो नेकाकै हुने हो ।

संसद् अधिवेशन बन्द गरी अध्यादेशबाट कानुन निर्माण गर्ने प्रक्रिया प्रजातान्त्रिक होइन र हुन सक्दैन । अध्यादेशसम्बन्धी संविधानको भावना पनि त्यो होइन । संविधानको धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था छ– सङ्घीय संसद्को दुबै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ । त्यस्तो अध्यादेश संसद्ले स्वीकार नगरेमा, राष्ट्रपतिले कुनै पनि बेला खारेज गर्न सक्ने र सदन चलेको ६० दिनभित्र स्वत: निष्कृय हुने व्यवस्था छ ।

सरकारलाई कुनै किसिमको अप्ठेरो नपरोस् भनी संविधानमा अध्यादेशको व्यवस्था गरिएको देखिन्छ । त्यो एक प्रकारको सरकारको विशेषाधिकार हो । तर, त्यसलाई सरकारमा जाने दलहरूले आफ्नो दलगत स्वार्थको निम्ति प्रयोग गर्दै आए । एमाले र एकीकृत समाजवादी विभाजनको लागि माधव नेपालसँग तत्कालीन राजनैतिक दलसम्बन्धी ऐनबमोजिम सङ्ख्या नपुग भएपछि अध्यादेश जारी गरी के.स. वा संसद् सङ्ख्या २० प्रतिशत भए पुग्ने बनाइयो । पार्टी फुटेको लगत्तै त्यो अध्यादेश खारेज गर्‍यो । त्यो अध्यादेशलाई केही समय बढी कायम राखेको भए अन्य दलहरूमा पनि भाँडभैलो हुने निश्चित थियो । त्यसैले पुँजीवादी व्यवस्थामा संसद्लाई पुँजीपतिले गरेका अवैध कामलाई वैधता दिने थलो पनि भनिन्छ ।

नेपालमा वैदेशिक लगानी भित्र्याउने उद्देश्यले वैशाख १६ र १७ गते लगानी सम्मेलन हुँदै छ । प्रधानमन्त्रीले लगानी सम्मेलन अघि नै १५/१६ वटा कानुन संशोधन गर्नुपर्ने बताउँदै आएका थिए । संसद्मा विधेयकको रूपमा पेस गरेर प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गर्न छोटो समयमा सम्भव थिएन । नेकाले प्रतिनिधिसभा अवरोध गरेको कारण प्रचण्डले अध्यादेशबाट ती कानुनहरू संशोधन गर्ने राम्रै बहाना पाए । विधेयकमा के कस्ता प्रावधानहरू छन् कसैले छलफलमा भाग लिनसमेत नपाउने भए । चलिरहेको संसद् बन्द गरी अध्यादेशबाट कानुन निर्माण गर्नु गलत हो ।

पुँजीवादी व्यवस्था कस्तो हुन्छ, नेपाली जनताले बिस्तारै बुझ्दै छन् । पुँजीपतिवर्गले संसदीय प्रजातन्त्रको खुबै प्रशंसा गर्छन् तर जनप्रतिनिधिहरूले संसद्मा बोल्नसम्म पनि नपाइने हामी कस्तो प्रजातन्त्रको अभ्यास गर्दै छौँ ? संसद् केही शासक दलहरूले मनोमानी गर्ने थलोको रूपमा विकास हुँदै छ । संसद् राम्ररी नचलेको कारण यो निर्वाचन प्रणालीमाथि नै प्रश्न उठ्न थालेको छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली उचित हुने धारणा पनि बाहिर आउँदै छ । सङ्घमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको व्यवस्था गर्न सकिए तथा समानुपातिक निर्वाचन प्रणालीलाई खारेज गर्न सके राम्रो हुने हो कि ? यो अबको छलफलको विषय हुनसक्छ ।

सङ्घीयता लागू भएपछि छिट्टै देश विकास हुन्छ, गाउँ गाउँमा सिंहदरबार पुग्छ भनेर प्रचार गर्नेहरूको कार्यशैली, सोच र चिन्तन विगतको एकात्मक प्रणालीभन्दा कुनै फरक देखिएन । सङ्घीयताको सिद्धान्तअनुसार अधिकार तल्लो तहसम्म पुर्‍याउनुपर्नेमा अझै सिंहदरबार त्यो अधिकार छाड्न तयार देखिँदैन । यसले एकातिर नेपालमा सङ्घीयता आवश्यक छैन भनेर आवाज उठाउनेहरूलाई बल पुगिरहेको छ भने अर्कोतर्फ प्रदेशमा बराबर हुने सरकार परिवर्तनले प्रदेशको आवश्यकता छैन भनेर विरोध गर्नेहरूलाई ऊर्जा मिलिरहेको छ ।

सङ्घ, प्रदेश र स्थानीय सबैले आफ्नो औचित्यता आफैँले पुष्टि गर्नुपर्ने हुन्छ । संवैधानिक संरचना कसैले चाहेर वा नचाहेर भन्दा पनि कामको आधारमा उचित र अनुचित प्रमाणित हुने हो । जनता प्रदेश सरकारहरूको कार्यशैलीबाट पनि वाक्कदिक्क छन् । सर्वोच्चको फैसला विपरीत प्रदेश सभामुखले समेत मत दिएर मुख्य मन्त्री चयन गर्ने, अदालतबाट अपराधी ठहर भएकालाई पुरावेदनमा मुद्दा चलेको आधारमा सांसद भएर संसद् भवन छिर्ने अनुमति प्रदान गर्नेजस्ता न्यायिक निर्णयहरूमा पनि प्रश्नहरू उठिरहेका छन् । पुँजीवादी प्रजातन्त्रको सक्कली अनुहार जनताबिच प्रस्ट हुँदै छ ।

# संरा अमेरिकामा प्रजातन्त्रको अवस्था -२

*(सन् २०२१ को डिसेम्बर ९ र १० मा संरा अमेरिकी राष्ट्रपति जो बाइडेनको अग्रसरतामा 'प्रजातन्त्र सम्मेलन' को आयोजना गरिएको थियो । सो सम्मेलनमा पूर्वाग्रहवस रूस र चीनजस्ता देशहरू आमन्त्रित थिएनन् । बरु, संरा अमेरिकाले नै स्वीकार्दै आएको चीनको अविभाज्य भाग थाइवानलाई आमन्त्रण गरिएको थियो । यसबाट संरा अमेरिका प्रजातन्त्रको नाममा संसारलाई अझ विभाजित र विशेषत: चीनको आन्तरिक मामिलामा हस्तक्षेपसमेत गर्न उद्यत रहेको देखिएको छ । यसै पृष्ठभूमिमा चीनको विदेश मन्त्रालयले प्रजातन्त्र र अमेरिकी प्रजातन्त्रको अवस्थाबारे आलेख सार्वजनिक गरेको छ । यसमा प्रजातन्त्र, प्रजातन्त्रको नाममा संरा अमेरिकाले गरिरहेका गतिविधि र संरा अमेरिकाकै प्रजातन्त्रको क्षयीकरणबारे विश्लेषण गरिएको छ । प्रस्तुत छ, सो आलेखको नेपाली अनुवाद - प्रकाशक)*

**ग) 'विशेषाधिकारको शासन' (भिटोक्रेसी) मा पुगेको नियन्त्रण र सन्तुलनको सिद्धान्त**

अमेरिकी राजनीतिशास्त्री फ्रान्सिस फुकुयामाले आफ्नो पुस्तक 'राजनीतिक व्यवस्था र राजनीतिक क्षयीकरण' (पोलिटिकल अडर एन्ड पोलिटिकल डिके) मा संरा अमेरिकामा राजनीतिक पक्षघात अन्तरनिहित रहेको औँल्याएका छन् । संरा अमेरिकी राजनीतिक प्रणालीमा धेरै नियन्त्रण र सन्तुलन रहेको एवम् त्यसले सामूहिक कामको लागत निकै बढेको, कतिपय अवस्थामा त असम्भवसमेत हुने गरेको छ । फुकुयामाले त्यस्तो व्यवस्थालाई 'विशेषाधिकारको शासन' (भिटोक्रेसी) बताएका छन् । सन् १९८० दशकयता संरा अमेरिकामा 'भिटोक्रेसी' गतिरोधको सूत्र बन्दै आएको छ ।




संरा अमेरिकी प्रजातान्त्रिक प्रक्रिया विभाजित र दिक्कलाग्दो गरी लम्बेतान छ । त्यसमा धेरै विशेषाधिकार प्रयोग गर्ने ठाउँ छन् । व्यक्तिगत विशेषाधिकार प्रयोगकर्ताहरूले सिङ्गो प्रणालीलाई नै अघि बढ्नबाट रोक्न सक्छन् । शक्ति दुरूपयोग रोक्ने मनसायले बनाइएको 'नियन्त्रण र सन्तुलन' को कार्यशैली अमेरिकी राजनीतिक अभ्यासमा भाँचकुँच गरिएको छ । राजनीतिक मुद्दामा दुई शासक दलहरूका मत विभाजित हुँदा राजनीतिक ध्रुवीकरण अझ बढिरहेको छ र उनीहरूबिच सहमतिको क्षेत्र उल्लेखनीयरूपमा खुम्चिएको छ । फलत: 'सबभन्दा उदार रिपब्लिकन अहिले सबभन्दा अनुदार डेमोक्रेटिक' बनेको छ । वैरभाव र आपसमा निषेध सामान्य बन्दै गएको छ । 'भिटोक्रेसी' लाई अमेरिकी राजनीतिक संस्कृतिको रूपमा परिभाषित गरिँदै छ । 'मैले सकिनँ भने तिमीलाई पनि गर्न दिन्नँ' भन्ने आक्रामक मनस्थिति हाबी बनेको छ ।

वासिङ्टन डीसीका राजनीतिक नेताहरू आफ्ना दलगत स्वार्थ सुरक्षा गर्ने दौडमा लागेका छन् । उनीहरूलाई राष्ट्रिय विकासबारे कुनै चासो र चिन्ता छैन । कुनैसँग भएको विशेषाधिकारद्वारा उसलाई एउटै शिविरमा बसेको अर्को नेताभन्दा बलियो देखाउने गरिन्छ । त्यसले त्यो नेतालाई बढी र चाँडै समर्थन प्राप्त गर्न सक्ने बनाउँछ । परिणामत: दुई वटा शासक दल विशेषाधिकारको लतमा नराम्ररी फसेका छन् । खराब कुरा त के हो भने त्यही कारण सरकारको प्रभावकारिता नराम्ररी कमजोर बनेको हुन्छ, कानुन र न्याय दबाइन्छ । विकास र प्रगतिको गति रोकिन्छ । सामाजिक विभाजन फराकिलो बन्दै जान्छ । आजको संरा अमेरिकामा मानिसहरू आफूलाई एक जना अमेरिकीको रूपमा भन्दा रिपब्लिकन र डेमोक्रेटको रूपमा चिनाउन मन पराउँछन् । पहिचान र सम्प्रदायको राजनीतिका नकारात्मक प्रभाव अमेरिकी समाजको अन्य क्षेत्रमा पनि पोखिएको छ । जसले 'विशेषाधिकार शासन' लाई थप बढावा दिएको छ ।


पिउ अनुसन्धान केन्द्रले सन् २०२१ को अक्टोबर महिनामा सार्वजनिक गरेको प्रतिवेदनअनुसार मत सर्वेक्षण गरिएका संसारका अन्य देशहरूको तुलनामा संरा अमेरिका राजनीतिकरूपमा विभाजित छ । संरा अमेरिकासहित जर्मनी र दक्षिण कोरियामा मत सर्वेक्षण गरिएको थियो । दस जनामध्ये नौ जना संरा अमेरिकी उत्तरदाता विभिन्न राजनीतिक दललाई समर्थन गर्ने मानिसहरूबिच द्वन्द्व भएको विश्वास गर्छन् । त्यस्तै, सर्वेक्षणमा सहभागी झन्डै ६० प्रतिशत अमेरिकीहरू आफ्नो देशका नागरिक अहिले नीतिमा मात्र नभई सामान्य तथ्यहरूमा समेत मतभेद राख्ने गरेको विश्वास गर्छन् ।

क्युङ ही विश्वविद्यालयमा राजनीतिशास्त्रका प्राध्यापक जुङकुन सिओ संरा अमेरिकामा राजनीतिक ध्रुवीकरण सघन बन्दै गएको बताउँछन् । त्यसकारण, चुनावमार्फत अमेरिकी प्रजातन्त्रमा सुधार गर्ने प्रक्रियाले काम नगर्ने उनको भनाइ छ । लामा - लामा भाषणमा अल्झिएको (फिलिबस्टर) अमेरिकी संसद्ले अमेरिकी समाजमा परिवर्तनको लागि प्रतिनिधिमूलक अङ्गको भूमिका खेल्न सकेको छैन ।

**घ) कमजोरी नै कमजोरी भएको चुनावी कानुनले चुनावको निष्पक्षता र न्यायको उपहास गरेको छ**

संरा अमेरिकामा राष्ट्रपति चुनावको लागि लामो समयदेखि चुनावी कलेज प्रणाली लागु हुँदै आएको छ । त्यो प्रणालीअन्तर्गत राष्ट्रपति र उपराष्ट्रपति जनताको प्रत्यक्ष मतदानबाट निर्वाचित हुने गर्दैनन् । अमेरिकी चुनावी कलेजमा ५३८ वटा इलेक्टर्स छन् । चुनावमा २७० वा त्योभन्दा बढी इलेक्टोरल मत प्राप्त गर्ने उम्मेदवारले चुनाव जित्ने गर्छ ।

यो चुनावी प्रणालीभित्रका कमजोरी छर्लङ्ग छ । प्रथमत: राष्ट्रपतिमा निर्वाचित भएका उम्मेदवार देशभरका जनताको मतबाट निर्वाचित नहुन पनि सक्छन् । त्यसमा व्यापक प्रतिनिधित्वको कमी हुन्छ । दोस्रो, हरेक राज्यसँग आफ्नो चुनावी नियम आफैले बनाउन पाउने अधिकार पाउँदा त्यसले अन्योल र अराजकता निम्त्याउन सक्छ । तेस्रो, एकै दलले सबै पद जित्न सक्ने प्रणालीले राज्यहरूबिच असमानता बढाउनुका साथै राजनीतिक दलहरूबिच पनि असमानता फराकिलो हुन्छ । त्यसले गर्दा जनताको धेरै मत खेर जान्छ र जनतालाई मतदानमा भाग लिन निरुत्साहित गर्छ । 'गाढा निलो' (पूरै डेमोक्रेटिकले जितेका) र 'गाढा रातो' (पूरै रिपलिब्कनले जितेका) राज्यहरूमा मतदातालाई प्राय: बेवास्ता गरिन्छ । कुनै पनि दल जित्ने निश्चित नभएका राज्यहरूका मतदाताहरूलाई आफ्नो पक्षमा ल्याउन अत्यधिक जोड दिने गरिन्छ ।




**जीर्ण अमेरिकी प्रजातन्त्र**

संरा अमेरिकाको इतिहासमा त्यस्ता पाँच राष्ट्रपतीय निर्वाचन छन् जसमा देशभरका जनताको मतबाट विजयी भएका उम्मेदवार राष्ट्रपति पदमा पराजित भएका छन् । यसको सबभन्दा पछिल्लो उदाहरण सन् २०१६ को निर्वाचन हो । त्यो निर्वाचनमा रिपब्लिकन दलका डोनाल्ड ट्रम्पले ६ करोड २९ लाख ८० हजार मत प्राप्त गरेका थिए । त्यो भनेको कुल मतसङ्ख्याको ४५.९ प्रतिशत हो । उनका प्रतिस्पर्धी हिलारी क्लिन्टनले ६ करोड ५८ लाख ५० हजार मत पाएकी थिइन् । त्यो भनेको कुल मतसङ्ख्याको ४८ प्रतिशत थियो । ट्रम्पले मतमा हारे पनि ३०४ इलेक्ट्रोल मत पाए भने क्लिन्टनले २२७ इलेक्ट्रोल मतमात्र प्राप्त गरिन् । फलत: ट्रम्प राष्ट्रपति पदमा विजयी घोषित भए ।

संरा अमेरिकी चुनावी प्रणालीको अर्को कमजोरी भनेको आफ्नो अनुकुलतामा निर्वाचन क्षेत्रको सीमा नै हेरफेर गर्नु (जेरीम्यान्डर) हो । सन् १८१२ मा म्यासाचुसेटका गभर्नर इलब्रिज जेरीले आफ्नो दलको हितमा एउटा विधेयकमा हस्ताक्षर गरे । सो कानुनअनुसार म्यासाचुसेटमा अमिल्दो खालको निर्वाचन क्षेत्र बनाइयो । एउटा निर्वाचन क्षेत्रको आकार ठ्याक्कै छेपारोको आकारसँग मिल्थ्यो । त्यही अभ्यासलाई समयान्तरमा जेरीम्यान्डर भन्न थालियो । जसको अर्थ कुनै निश्चित राजनीतिक दलका उम्मेदवारलाई सकेसम्म बढी स्थानमा जिताउने र त्यहाँ बलियो आधार स्थापना गर्ने हेतुले अमिल्दो किसिमले निर्वाचन क्षेत्रको विभाजन गर्नु हो ।



**अमेरिकी अल्पतन्त्र**

संरा अमेरिकामा हरेक दस वर्षमा जनगणना हुने गर्छ । जनगणनापछि मानिसहरूको बसाइसराइलाई ध्यानमा राखी हरेक निर्वाचन क्षेत्रमा झन्डै समान जनसङ्ख्या हुनुपर्ने सिद्धान्तको आधारमा निर्वाचन क्षेत्रको सीमा पुन: हेरफेर गर्ने गरिन्छ । संरा अमेरिकी संविधानअनुसार हरेक राज्यको संसद्सँग निर्वाचन क्षेत्र हेरफेर गर्ने अधिकार रहन्छ । त्यसकारण, राज्यको संसद्मा बहुमत पाएको राजनीतिक दलले निर्वाचनमा आफ्नो अनुकुल हुने गरी निर्वाचन क्षेत्रको पुन:विभाजन गर्नसक्छ । यसरी निर्वाचन क्षेत्र पुन:विभाजन गर्दा प्रमुखत: दुई वटा रणनीति प्रयोग हुने गरेको छ । पहिलो, 'थुपार्ने' अर्थात् विपक्षी दलका मतदातालाई निश्चित क्षेत्रमा केन्द्रित गर्ने । त्यसो गर्दा ती निश्चित निर्वाचन क्षेत्रमा मात्र विपक्षीले जित्नेछ । अर्को रणनीति भनेको 'फुटाउनु' हो । अर्थात्, विपक्षीहरू बलियो भएको निर्वाचन क्षेत्रलाई फुटाइन्छ र त्यसमा वरपरका निर्वाचन क्षेत्रका भागहरू सामेल गरिन्छ । जसले गर्दा विपक्षी राजनीतिक दलको मत छिन्नभिन्न हुन पुग्छ ।

सन् २०२१ को सेप्टेम्बर २७ मा डेमोक्रेटहरूले जितेको ओरेगन राज्यलाई पहिलोपटक पूर्णत: पुन: विभाजन गरियो । डेमोक्रेटिक दलको बलियो पकड भएका निर्वाचन क्षेत्रहरू दुईबाट चार पुऱ्याइयो । अनि, मतपरिणाम तलमाथि हुनसक्ने निर्वाचन क्षेत्रको सङ्ख्या दुईबाट एकमा झारियो । त्यसको अर्थ ओरेगन राज्यको संसदीय निर्वाचन क्षेत्रको ८३ प्रतिशत क्षेत्र डेमोक्रेटिक दलको हातमा दिनु हो । जब कि ती क्षेत्रमा कुल मतदाताको ५७ प्रतिशतमात्र छन् । अर्कोतिर, रिपब्लिकनहरूले जित्दै आएको टेक्सास राज्यमा सन् २०२१ को २५ अक्टोबरमा गरिएको निर्वाचन क्षेत्रको पुन: विभाजनले रिपब्लिकन दलको बाहुल्य भएका निर्वाचन क्षेत्रको सङ्ख्या २२ बाट २४ पुऱ्याइयो र मत परिणाम अलमल भएका निर्वाचन क्षेत्रको सङ्ख्या ६ वटाबाट एउटामा झारियो । टेक्सासको संसद्मा अहिले जम्मा ५२.१ प्रतिशत मतदाताहरूको प्रतिनिधित्व गर्दै ६५ प्रतिशत स्थानमा रिपब्लिकनहरू छन् ।

सन् २०२१ को अगस्टमा युगोभ नामको संस्थाले गरेको मत सर्वेक्षणअनुसार संरा अमेरिकाका जम्मा १६ प्रतिशत वयस्क नागरिकले मात्र आ-आफ्ना राज्यमा संसदीय निर्वाचन क्षेत्र सही तरिकाबाट नक्साङ्कन गरिएको बताउँछन् । ४४ प्रतिशतले नक्साङ्कन अन्यायपूर्ण भएको मत राखे भने अरू ४० प्रतिशत वयस्कले नक्साङ्कन सही भए नभएको आफूलाई थाहा नभएको मत राखे । संरा अमेरिकी राजनीतिमा ध्रुवीकरण उत्कर्षमा पुग्दै गर्दा दुवै रिपब्लिकन र डेमोक्रेटिक दलहरूले आ-आफ्ना स्वार्थ फत्ते गर्न खोजिरहेका छन् र आफ्नो पहुँचले भ्याएसम्म आफ्नो अनुकूलतामा निर्वाचन क्षेत्रको सीमामा हेरफेर गरिरहेका छन् ।

डेमोक्रेटिक पार्टीको स्वत: स्फूर्त प्रतिनिधि बन्ने सुपरडेलिगेट प्रणाली पनि न्यायपूर्ण निर्वाचनको निम्ति तगारो हो । स्वत: स्फूर्त प्रतिनिधिअन्तर्गत डेमोक्रेटिक दलका प्रमुख नेताहरू, डेमोक्रेटिक दलका केन्द्रीय सदस्य, संसद्मा डेमोक्रेटिक दलका सांसद र डेमोक्रेटिक दलका गभर्नरहरू हुन् । उनीहरू स्वत: स्फूर्त पार्टी महाधिवेशनमा प्रतिनिधि हुन्छन् । 'सुपर डेलिगेट्स' हरूले कोही पनि उम्मेदवारलाई समर्थन गर्नसक्छन् अथवा पार्टी नेतृत्वले चाहेअनुसारको उम्मेदवारलाई चुन्न पाउँछन् । तर, उनीहरूले सर्वसाधारण जनताका भावनाको पर्वाह गर्नुपर्ने कुनै आवश्यकता रहँदैन ।

दिवङ्गत राजनीतिक विश्लेषक मार्क प्लोटकिनले 'द हिल' मा 'डेमोक्रेटिक दलमा सुपरडेलिगेट्स प्रणाली अप्रजातान्त्रिक छ' भनी लेखेका छन् । उनले 'यो कुलीन अभ्यास हटाउने प्रक्रिया तत्काल थाल्नुपर्ने' मत राखेका छन् ।

***स्रोत : अमेरिकाको प्रजातन्त्र !***
***नेपाली अनुवाद : सुशिला***

# इरानमा विस्फोट, इजरायलले हमला गरेको अमेरिकी सञ्चारमाध्यमको भनाइ



तेहरान, १८ अप्रिल (एएफपी)। इरानको सरकारी सञ्चारमाध्यमले शुक्रबार मध्य प्रान्त इस्फहानमा विस्फोट भएको बताएको छ। अमेरिकी सञ्चारमाध्यमले भने अधिकारीहरूलाई उद्धृत गर्दै इजरायलले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि जवाफी आक्रमण गरेको बताएको छ।

सरकारी सञ्चारमाध्यमका अनुसार धेरै इरानी सहरमा हवाई रक्षा प्रणालीलाई सक्रिय तुल्याइएको छ। मुलुकको आधिकारिक प्रसारकले इस्फहान सहर नजिक विस्फोटको आवाज सुनिएको बताएको छ।

सप्ताहन्तमा इरानले इजराइलमाथि सयौँ मिसाइल र ड्रोन प्रहार गरेपछि इजरायलले जवाफी आक्रमण गर्ने चेतावनी दिएको थियो। इरानको अधिकांश ड्रोन तथा मिसाइल आक्रमणलाई रोकिएको थियो।

इरानको फार्स समाचार समितिले कहजावरेस्तान, इस्फहान विमानस्थल र शेखरी सेनाको विमानस्थल नजिक 'तीन वटा विस्फोट' सुनिएको बताएको छ। इरानको अन्तरिक्ष एजेन्सीका प्रवक्ता होसेन डेलिरियनले भने 'धेरै' ड्रोनलाई 'सफलतापूर्वक खसालिएको' बताउनुभयो। "मिसाइल आक्रमणको कुनै रिपोर्ट गरिएको छैन," उहाँले सामाजिक सञ्जाल एक्समा भन्नुभयो।

आधिकारिक आइआरएनए समाचार समितिले भनेको छ, "कुनै पनि हवाई खतराको प्रभावले कुनै ठूलो क्षति वा ठूलो विस्फोट नभएको रिपोर्टहरूले सङ्केत गरेका छन्।" इरानको तस्निम समाचार समितिले इस्फहानमा आणविक केन्द्रहरू 'पूर्णरूपमा सुरक्षित रहेको' रिपोर्ट गरिएको बताएको छ।

एबीसी र सीबीएस न्युजले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै इजराइलले आक्रमण गरेको बताएका छन्। ह्वाइट हाउस वा पेन्टागनका तर्फबाट तत्काल कुनै टिप्पणी आएको छैन। सिएनएनले एक अधिकारीलाई उद्धृत गर्दै इजरायली आक्रमणको लक्ष्य आणविक नभएको बताएको छ। इजरायली सेनाले एएफपीलाई भनेको छ, "हामीसँग अहिले कुनै टिप्पणी छैन।"

सप्ताहन्तमा इरानले क्षेत्रीय शत्रु इजराइलमाथि आफ्नो पहिलो प्रत्यक्ष आक्रमण गरेको थियो। इजरायलले आफ्ना सहयोगीहरूको सहयोगमा इरानले प्रहार गरेका तीन सय मिसाइल र ड्रोनमध्ये अधिकांशलाई रोकेको र कसैको मृत्यु नभएको बताएको छ।

युरोपेली सङ्घ (ईयू) ले इरानको ड्रोन कार्यक्रमलाई प्रतिबन्ध लगाउने बताएपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले प्रतिबन्धको घोषणा गर्दै भन्नुभयो, "हामी इरानलाई जवाफदेही बनाउँदै छौँ।"

आइआरएनएले भनेको छ, "इरानको हवाई रक्षालाई मुलुकका धेरै प्रान्तको आकाशमा सक्रिय बनाइएको छ।" मेहर समाचार समितिले भनेको छ, "तेहरान, इस्फहान र शिराजका लागि उडानहरू र पश्चिम, उत्तरपश्चिम तथा दक्षिणपश्चिममा विमानस्थलहरू निलम्बन गरिएको छ।"

**आक्रमणबारे अमेरिकालाई अग्रीम चेतावनी दिइएको थियो- अमेरिकी सञ्चारमाध्यम**

यसैबिच वासिङ्टनबाट प्राप्त समाचारअनुसार अमेरिकालाई इरानमाथि इजरायलको कथित आक्रमणबारे अग्रीम सूचना प्राप्त भएको अधिकारीहरूलाई उद्धृत गर्दै अमेरिकी सञ्चारमाध्यमले बताएका छन्। यद्यपि, अमेरिकाले उक्त अपरेसनको समर्थन नगरेको वा कार्यान्वयमा कुनै भूमिका निर्वाह नगरेको एनबीसी र सिएनएनले बताएका छन्।

इजरायलले बिहीबार अमेरिकासँग आगामी दिनहरूमा इरानविरुद्ध जवाफी कारबाही गर्ने बताएको छ।

# प्लास्टिक प्रदूषण अन्त्य गर्ने विश्वव्यापी समाधानका लागि क्यानाडाले राष्ट्रसङ्घीय कार्यक्रमको आयोजना गर्ने

ओटावा, १८ अप्रिल (सिन्हवा)। क्यानाडाले प्लास्टिक प्रदूषण अन्त्य गर्ने विश्वव्यापी समाधानका लागि अर्को हप्ता संयुक्त राष्ट्रसङ्घको कार्यक्रम आयोजना गर्ने बिहीबार घोषणा गरेको छ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिमा कार्यक्रमको अन्तरसरकारी वार्ता समिति (आइएनसी-४) को चौथो सत्र अप्रिल २३ देखि अप्रिल २९ सम्म राजधानी ओटावामा आयोजना हुने र सन् २०२४ को अन्त्यसम्म प्लास्टिक प्रदूषणमा एक वैश्विक सम्झौताको विकासको लागि अगाडि बढ्ने उल्लेख छ।

संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम (युएनईपी) द्वारा समन्वय गरिएको पाँच सत्रहरूको चौथो वार्ता सत्र आइएनसी-४ रहेको र प्लास्टिक प्रदूषण अन्त्य गर्ने साझा लक्ष्यमा विश्वलाई एकजुट गर्ने अन्तिम क्षणको प्रतिनिधित्व गर्ने विज्ञप्तिमा भनिएको छ।

यद्यपि, यो वर्षको अन्त्यमा दक्षिण कोरियामा आइएनसी-५ मा वार्ताको सफल निष्कर्षका लागि जग निर्माण गर्ने महत्त्वपूर्ण बिन्दु हुने विज्ञप्तिमा उल्लेख छ।

सन् २०२२ मा राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्र वातावरणसभाको पुनः सुरु भएको पाँचौँ सत्रमा सन् २०२४ को अन्त्यसम्ममा प्लास्टिक प्रदूषणमा कानुनीरूपमा बाध्यकारी विश्वव्यापी सम्झौता विकास गर्ने जनादेशसहित अन्तरसरकारी वार्ता समिति गठन गर्न सहमत भएका थिए।

संयुक्त राष्ट्र पर्यावरण कार्यक्रमले व्यापार-जस्तै-सामान्य परिदृश्यअन्तर्गत र आवश्यक हस्तक्षेपहरूको अभावमा, जलीय पारिस्थितिक प्रणालीमा प्रवेश गर्ने प्लास्टिकको फोहोरको मात्रा सन् २०१६ मा प्रतिवर्ष ९० लाखदेखि एक करोड ६० लाख टनबाट सन् २०४० मा अनुमानित तीन गुणा अर्थात् लगभग दुई करोड ३० लाख टनदेखि तीन करोड ७० लाख टन हुन सक्ने बताएको छ।

पाँचौँ र अन्तिम योजनाबद्ध अन्तरसरकारी वार्ता समिति (आइएनसी-४) नोभेम्बर २५ देखि डिसेम्बर १ सम्म सन् २०२४ सम्म दक्षिण कोरियाको बुसानमा हुनेछ।

# इरानमाथि कथित आक्रमणपछि इटालीद्वारा 'तनाव कम गर्न' आग्रह

काप्री (इटाली), १८ अप्रिल (एएफपी)। इजरायलले इरानमाथि आक्रमण गरेको रिपोर्ट आएपछि इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले शुक्रबार 'पूर्णरूपमा तनाव कम गर्न' आह्वान गर्दै जी ७ समक्ष काप्रीमा हुने वार्तामा यस विषयमा छलफल गर्ने बताउनुभएको छ।

रोमले सात मुलुकको समूह जी ७ का विदेशमन्त्रीहरूको बैठकको आयोजना गरिरहेको इटालीको टापु काप्रीबाट आरएआई समाचार उहाँले भन्नुभयो, "हामी सबैलाई तनावबाट जोगिनका लागि सतर्क रहन आमन्त्रण गर्दछौँ।"

उहाँका अनुसार जी७ ले मध्यपूर्वमा 'पूर्णरूपमा तनाव कम गर्न' चाहेको बताउनुभयो। जी ७ मा संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, फ्रान्स, जर्मनी, जापान, क्यानाडा र इटाली रहेका छन्।

क्यानाडाका विदेशमन्त्री मेलानी जोलीले सामाजिक सञ्जाल एक्समा भन्नुभयो, "हामी स्थितिलाई नजिकबाट नियालिरहेका छौँ, हामी आज बिहान इटालीमा जी ७ को बैठकमा विदेशमन्त्रीहरूसँग स्थितिलाई सम्बोधन गर्नेछौँ।"

इरानको सरकारी सञ्चारमाध्यमले शुक्रबार मध्य प्रान्त इस्फहानमा विस्फोट भएको सूचना दिएको थियो। अमेरिकी सञ्चारमाध्यमले भने अधिकारीहरूलाई उद्धृत गर्दै इजरायलले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि जवाफी आक्रमण गरेको बताएको छ।

शुक्रबारको बैठक हिन्द-प्रशान्त क्षेत्रमा बढ्दो तनावमाथि केन्द्रित थियो तर इटालीका विदेशमन्त्री ताजानीले इरानको स्थितिमाथि 'छलफल' गरिने पुष्टि गर्नुभयो।

# शुक्रबारदेखि भारतमा मतदान सुरु

नयाँ दिल्ली, १८ अप्रिल (सिन्हवा)। शुक्रबारदेखि सुरु भएको भारतको आम निर्वाचनमा भारतीय जनता पार्टी (भाजपा) का वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालका लागि सत्तामा रहन सक्ने निर्णय झन्डै एक अर्ब मतदाताले गर्नेछन्।

उहाँले भारतका अधिकांश क्षेत्रमा गहिरो जरा गाडेको प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय काङ्ग्रेसको नेतृत्वमा रहेको भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (इन्डिया) नामक करिब दुई दर्जन विपक्षी दलहरूको गठबन्धनबाट चुनौती सामना गरिरहनुभएको छ।

भारतीय संसद्मा दुई सदन (लोकसभा वा जनताको सभा र राज्य सभा वा राज्य परिषद्) रहेका छन्। आगामी निर्वाचनमा लोकसभाका पाँच सय ४५ सीटमध्ये पाँच सय ४३ सीटका लागि मतदाताले मतदान गर्ने र बाँकी दुई राष्ट्रपतिले मनोनयन गर्नुहुनेछ।

लोकसभाका लागि प्रत्येक पाँच वर्षमा निर्वाचन हुन्छ। पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत मतदाताहरूले एक उम्मेदवारलाई भोट दिन्छन् र सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेद्वारले चुनाव जित्छ। बहुमत सीट जित्ने दल वा गठबन्धनले सरकार बनाउँछ।

विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको देशमा मतदान गर्नका लागि ९६ करोडभन्दा बढी मतदाता १० लाखभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न योग्य रहेको अधिकारीहरूले बताएका छन्। निर्वाचनका लागि करिब एक करोड ५० लाख मतदान अधिकृत र सुरक्षाकर्मी खटाइने छन्।

जून १ सम्म सात चरणमा हुने निर्वाचनको नतिजा जून ४ मा सार्वजनिक हुनेछ। निर्वाचनसँग जोडिएको खर्च निकै ठूलो रहेको छ। दिल्लीस्थित 'सेन्टर फर मिडिया स्टडिज' का अनुसार २०१९ को आम चुनावमा आठ अर्ब ६० करोड अमेरिकी डलर खर्च भएको र यस वर्षको लागत १४ अर्ब ४० करोड अमेरिकी डलर नाघ्ने अनुमान गरिएको छ।

भारतीय किसानहरूले बालीनालीको न्यूनतम मूल्य ग्यारेन्टी गर्ने, किसानको पेन्सन र ऋण माफीलगायतका कानुनको माग गर्दै विगत महिनादेखि विरोध प्रदर्शन गरिरहेका छन्।

प्रमुख प्रतिपक्षी भारतीय राष्ट्रिय काङ्ग्रेसले भारतीय इतिहासमा लामो समयसम्म सत्तामा रहँदा पनि सन् २०१४ को आम निर्वाचनमा राहुल गान्धीलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर भाजपाविरुद्ध ठूलो हार बेहोरेको थियो। सन् २०२३ मा २६ विपक्षी दलहरूले 'इन्डिया' गठबन्धन गठन गरको छ।

# रुसद्वारा २३५ अस्ट्रेलियालीलाई मस्को प्रवेशमा रोक

मस्को, १८ अप्रिल (एएनआई)। अस्ट्रेलियाले रुसी निजी व्यक्ति र कानुनी संस्थाहरूमा प्रतिबन्ध लगाएपछि रुसको विदेश मन्त्रालयले मस्कोमा दुई सय ३५ अस्ट्रेलियालीलाई अनिश्चितकालका लागि प्रवेशमा रोक लगाएको छ।

युक्रेनमा रुसको आक्रमणको निन्दा गर्नका लागि सक्रियरूपमा आफ्नो मुलुकमा रुसविरोधी एजेन्डालाई बढावा दिइरहेका ती अस्ट्रेलियालीहरू नागरिक परिषद्का सदस्य भएको मस्कोले बताएको छ।

"सामूहिक पश्चिमको रुसोफोबिक अभियानको हिस्साका रूपमा अस्ट्रेलिया सरकारले रुसी निजी व्यक्ति र कानुनी संस्थाहरूमाथि लगाएको राजनीतिकरूपले प्रेरित प्रतिबन्धको जवाफमा सक्रियरूपमा हाम्रो मुलुकमा रुसविरोधी एजेन्डालाई बढावा दिइरहेका दुई सय ३५ अस्ट्रेलियाली नगरपालिकाका सदस्यहरूलाई रुसमा प्रवेश गर्न अनिश्चितकालका लागि अस्वीकार गर्ने निर्णय गरिएको छ," रुसको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ। यसका साथै यी अस्ट्रेलियालीमा पूर्व भिक्टोरियाली प्रधानमन्त्री ड्यानियल एन्ड्रुज र भिक्टोरियाली विपक्षी नेता जोन पेसुट्टो पनि रहनुभएको छ। विज्ञप्तिअनुसार अब यी अस्ट्रेलियालीलाई रुसी सङ्घ प्रवेशमा वञ्चित गरिएको छ।

क्यानबेराले आफ्नो रुसविरोधी धारणा त्याग्ने र नयाँ प्रतिबन्ध जारी राख्नेबारे कुनै सङ्केत नदेखाएकाले मन्त्रालयले अस्ट्रेलियालीहरूको सूची थप अद्यावधिक गर्ने जनाएको छ।

सन् २०२२ मा युक्रेनमा आक्रमण सुरु गरेपछि धेरै मुलुकले रुसी व्यक्ति र संस्थाहरूमाथि प्रतिबन्ध जारी गरेका छन् र रुससँग आयात तथा निर्यातमा प्रतिबन्ध लगाएका छन्।

युक्रेनको सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि रुसी खतराको जवाफमा अस्ट्रेलियाले रुसका सम्बन्धमा प्रतिबन्धहरू लगाएको थियो।

# विश्व बैङ्कद्वारा पाकिस्तानलाई कर प्रणालीमा सुधार गरी शुल्क र बिक्री कर छुट हटाउन आग्रह

इस्लामाबाद, १८ अप्रिल (एएनआई)। विश्व बैङ्कले पाकिस्तानी सरकारलाई कर प्रणालीमा सुधार गरी शुल्क र बिक्री करमा विद्यमान छुट हटाउन आग्रह गरेको पाकिस्तानस्थित एआरवाई न्यूजले जनाएको छ।

पाकिस्तानबारे जारी गरेको रिपोर्टमा बैङ्कले पाकिस्तानी सरकारलाई आर्थिक र सामाजिक सुधारका लागि तत्काल कर प्रणाली सुधार तथा बिक्री कर छुट हटाउन आवश्यक सल्लाह दिएको एआरवाई न्युजको रिपोर्टले जनाएको छ।

प्रतिवेदनअनुसार बैङ्कले सरकारलाई बाल विकासका लागि राष्ट्रिय नीति बनाउन आग्रह गर्दै ऊर्जा र अन्य वस्तुमा अनुदान घटाउन आह्वान गरेको छ। साथै बैङ्कले सरकारलाई यी कोषहरू जनकल्याणका पहलहरूमा पुनः बाँडफाँट गर्नसमेत सुझाव दिएको छ। बैङ्कले सरकारलाई मितव्ययिताका उपायहरू अवलम्बन गरी सरकारी स्वामित्वका कम्पनीहरूमा सार्वजनिक-निजी साझेदारीलाई बढावा दिनुपर्ने आग्रह गरेको एआरवाई न्युजको रिपोर्टले जनाएको छ।

सन् २०२३ मा विश्व बैङ्कले पाकिस्तानले आफ्नो वास्तविक क्षमताभन्दा कम कर सङ्कलन गरिरहेको बताएको थियो। बैङ्कको प्रतिवेदनमा पाकिस्तानमा कर सङ्कलनमा सात खर्ब ३७ अर्ब रूपैयाँ (पाकिस्तानी रूपैयाँ) ले कम भएको उल्लेख गर्दै ऋणको बोझ मुक्त गर्न सबै कर छुट समाप्त गर्न इस्लामाबादलाई आग्रह गरिएको छ।


# ‘वीर घटोत्कचको बलिदान’



✍ विश्वमोहन जोशी

जुवामा हारेपछि दरबारबाट निस्केका पाण्डवहरू एवम् उनीहरूका आमा कुन्ती जङ्गलमा यताउति चहार्दै थिए । खाने, सुत्ने, बस्ने कुनै ठेगान थिएन । उनीहरूको हालत खराब भइसकेको थियो । एक रात चार भाइ र आमा वनको एउटा ठुलो पिपलको रुखमुनि सुतिरहेका थिए । माइलो भीमसेन पहरा दिइरहेका थिए । सुनसान रातको समयमा त्यो जङ्गलको अवस्था निकै डरलाग्दो थियो । त्यो वनलाई काम्यक वन भनिन्थ्यो । त्यहाँ हिडिम्ब नामक राक्षसको हैकम चल्थ्यो । राक्षस हिडिम्बले आफ्नी बहिनी राक्षसी हिडिम्बीलाई आफ्नो खानाको लागि आहारा खोज्न पठाए । राक्षसी हिडिम्बी पनि आहारा खोज्न यताउति लागिन् । जाँदाजाँदा ती राक्षसीले पाण्डवहरू सुतिरहेको देखिन् । आहारा देख्दा उनी निकै खुसी भइन् । त्यही बेला तिनले भरिलो जिउ भएको खाइलाग्दो भीमसेनले सुतिरहेका पाण्डव र आमा कुन्तीलाई पहरा दिइरहेको देखेपछि भीमसेनप्रति उनी आकर्षित भइन् । राक्षसीले आफ्नो डरलाग्दो रूप तुरुन्त त्यागी एउटी सुन्दरी युवतीको रूप धारण गरिन् र भीमसेनको सामु पुगी आफू त्यहाँ आउनाको कारण बताइन् । भीमसेनले आफूसित विवाह गर्न तयार भए उनले तिनीहरू सबैको ज्यान बच्ने भनिन् । तर, भीमसेन उनीसित विवाह गर्न तयार भएनन् । राक्षसीले आफ्नो दाजुले उनीहरूलाई मार्छन्, काट्छन् भनेर तर्साए । भीमसेन पनि राक्षससित डराएनन् । बरु, युद्ध गर्न तयार भए । नभन्दै राक्षस हिडिम्ब पनि त्यहीँ आइपुगे र दुवैबिच युद्ध हुँदा राक्षस मारिए । राक्षसी हिडिम्बीले भने भीमसेनको व्यक्तित्वदेखि प्रभावित भई उनलाई मन पराइसकेकी थिइन् ।

राक्षसी हिडिम्बी भीमसेनलाई कुनै पनि हालतमा छोड्नेवाला थिइन । तिनले माता कुन्तीको पाउ समाती भीमसेनसित आफ्नो विवाह गराइदिन हार्दिक अनुनय विनय गरिन् । माता कुन्ती तथा तिनका छोरा पाण्डवहरूले पनि पछि कौरवहरूसित हुनसक्ने ‘युद्ध’ मा यिनी राक्षसीबाट पछि आफूहरूलाई सहयोग प्राप्त हुनसक्ने सम्भावना भएकोले भीमसेनलाई राक्षसीसित विवाह गर्न सल्लाह दिए । यसरी जङ्गलमै भीमसेन र राक्षसी हिडिम्बीबिच विवाह सम्पन्न भयो । आफ्नो गतिलो व्यवहारबाट राक्षसीले पाण्डवहरू तथा माता कुन्तीको मन जितिन् । उनले तिनीहरूलाई निकै प्रभावित पारिन् । समय बित्दै गयो । केही दिनपछि आफ्नो कोखबाट एक पुत्र जन्मेकोले राक्षसी हिडिम्बी निकै खुसी भइन् । किनभने, काम्यक वनका राजा उनको दाजु राक्षस हिडिम्बका उत्तराधिकारीका रूपमा आफ्ना छोरालाई स्थापित गर्न पाउने भयो । यसको लागि पछि पाण्डवहरूले पनि उनलाई सघाए । त्यस बालकको टाउको खुइलिएको र घैंटोजस्तो देखिन्थ्यो । त्यसैले, त्यस बालकको नाम पाण्डवहरूका माता कुन्तीले ‘घटोत्कच’ भनी नामकरण गरिदिए । संस्कृत भाषाको यो घटोत्कच शब्दले घैंटोजस्तो देखिने कपाल खुइलिएको टाउको भन्ने अर्थ दिन्थ्यो ।



घटोत्कचको शरीरको स्वरूप आधी मानवजस्तो र आधी राक्षसजस्तो देखिने विचित्रको थियो । उनको लालनपालन र शिक्षादीक्षा सबै उनकै माता हिडिम्बीबाट भयो । उनले अनेकौँ शस्त्रअस्त्रसम्बन्धी विद्या, मायावी विद्या र थुप्रै युद्ध विद्याहरू आमाबाट सिके । उनी निकै योग्य, वीर एवम् शक्तिशाली भए । यही क्रममा काम्यक वनमा बस्दै आएका पाण्डवहरू एवम् माता कुन्ती, नाति घटोत्कच र राक्षसी हिडिम्बीलाई त्यही वनमा छाडी अन्यत्र लाग्दै वनबास र गुप्तबास बिताउन थाले । दिन, महिना र वर्षहरू बित्दै गए ।

कौरवहरूले राखेको वनबास, गुप्तबास आदि सम्पूर्ण सर्तहरू पूरा गरेपछि पनि पाण्डवहरूलाई राज्य त के पाँच वटा गाउँ पनि दिन कौरवहरू नमानेपछि न्याय, आफ्नो अधिकार र आफ्नो देश तथा राज्य पुन: प्राप्तिका लागि अन्तत: पाण्डवहरू कौरवहरूसित कुरु क्षेत्रमा महायुद्ध गर्न बाध्य भए । वास्तवमा यो महायुद्ध कौरवहरूका मामा गान्धार राज्यका नरेश शकुनी र भगवान् कृष्णबिचको युद्ध थियो । पाण्डव, कौरव र उनीहरूका सैनिकहरू त निमित्त मात्रै थिए । पितामह भिष्मको पौरख र वीरताको अगाडि आफ्नो केही नचलेकोले शकुनीले आफ्नी बहिनी गान्धारीको विवाह अन्धो धृतराष्ट्रसित हुँदा पनि लाचार भई बस्नुपरेको थियो । त्यसको बदलास्वरूप उनी पाण्डव कौरवहरूको सम्पूर्ण वंश नै नाश गर्न चाहन्थे । उनको हरेक गतिविधि, नीति, चालबाजी सबै यही उद्देश्य प्राप्तिको लागि केन्द्रित थियो भने भगवान् कृष्ण पाण्डवहरूलाई विजयी तुल्याई धर्तीमा न्याय, शान्ति, सुव्यवस्था स्थापित गर्न चाहन्थे । यसको लागि उनी नररूपी अर्जुनलाई नै नारायणको रूपमा स्थापित गर्न चाहन्थे । कुरु क्षेत्रमा पाण्डव र कौरवहरूबिच घमासान युद्ध भयो । दुवै पक्षबाट थुप्रै समर्थक वा सैनिकहरू युद्धमा सहभागी भए । धेरैले वीरगति प्राप्त गरे । लाखौं साधारण जनता, दासदासी, गरिबहरूले अनेकौं प्रकारका दु:खकष्ट भोग्नुपऱ्यो । महाभारत युद्धको दौरानमा अर्जुनद्वारा जयद्रथको हत्या भएपछि कौरवहरू अत्यन्त क्रोधित भए । कौरव सेनाको नेतृत्व गर्दै पाण्डवहरूका विरुद्ध युद्धको मैदानमा द्रोणाचार्य र कर्ण आइपुगे । उनीहरूले धेरै पाण्डव सेनाको संहार गरे । कसैले उनीहरूलाई रोक्न सकेको थिएन । यस्तो अवस्थामा भगवान् कृष्णको सल्लाहअनुसार महारथी कर्णको अगाडि भीमसेन र राक्षसी हिडिम्बीका पुत्र घटोत्कच आइपुगे ।

महारथी कर्णले कौरव सेनाको नेतृत्व गर्दै थिए भने वीर घटोत्कचले पाण्डव सेनाको । दुवै पक्षबिच खुबै टक्कर पऱ्यो । युवराज दुर्योधनले त्यही समयमा आफ्नो राक्षसी सेनालाई युद्धको मैदानमा पठाए । तिनीहरूसित वीर घटोत्कचले डटेर युद्ध गरे । उनले बल, बुद्धि, क्षमता मात्र होइन, आफ्नो मायावि शक्तिको पनि खुब प्रयोग गरे । उनी आफ्नो शरीरलाई धेरै सानो मात्र होइन, अत्यधिक विशाल पर्वतजस्तो पार्न सक्दथे । विभिन्न किसिमका अद्भूत शस्त्रअस्त्रहरू पनि प्रयोग गर्न जान्थे । त्यसैले घटोत्कचले दुर्योधनले पठाएका अलम्बुसा, अलयोद्धा र अन्य थुप्रै राक्षसहरू मारे । अरु हजारौँ कौरव सेनाहरू मारी उनले हाहाकार मच्चाए । कौरवहरूको यस्तो दयनीय अवस्था देखेर क्रुद्ध भएका कर्णले घटोत्कचमाथि वाणहरूको वर्षा गरिरहेका थिए । तर, ती सम्पूर्ण वाणहरूको प्रहारबाट घटोत्कचको शरीरको एउटा रौँ पनि झरेको थिएन । यस्तो स्थिति देखेर कर्ण आफैँ ताज्जुब भई बसेका थिए । युवराज दुर्योधनले सोचे कि युद्धमा घटोत्कचको उपस्थिति यस्तै रहेमा कौरवहरूको हार निश्चित छ । त्यसैले, उनले नजिकै गएर कर्णलाई देवराज इन्द्रबाट प्राप्त भएको एकपटक मात्र प्रयोग गर्न सकिने एउटा अचुक अस्त्र जसलाई कर्णले अर्जुनलाई मात्र प्रहार गर्न साँचिराखेको थियो । सोही अस्त्र घटोत्कचमाथि प्रहार गरी उनको हत्या गर्नेबाहेक अर्को कुनै उपाय छैन भनी सम्झाए । स्थिति निकै गम्भीर थियो । कर्ण अलमलमा परे । अन्तत: वीर घटोत्कचलाई मार्ने अरु कुनै उपाय नदेखेपछि कर्णले देवराज इन्द्रबाट प्राप्त अस्त्र घटोत्कचमाथि प्रहार गरे । उनको मृत्यु निश्चित थियो । अत: पाण्डवहरू तथा पिता भीमसेनको अनुरोधमा आफू मर्नुभन्दा अगाडि घटोत्कचले आफ्नो शरीरलाई अति विशाल बनायो । उनको शिर काटिएर पातालतिर फ्याँकियो । उनको विशाल शरीर कौरव सेनातिर ढल्यो र त्यसबाट किचिएर हजारौँ कौरव सेना मारिए । अस्त्र आफैँ देवराज इन्द्रकोमा फर्के ।

यसरी राक्षसी आमाबाट राक्षसी स्वभाव र शक्ति प्राप्त भएका घटोत्कचले आफ्नो बल, बुद्धि, शक्ति, विद्या र शरीर सबै न्याय, अधिकार र सत्य प्राप्तिको लागि बलिदान गरे । मानवीय स्वभाव भएका मानिसहरूले अन्याय, असमानता, दमन, शोषण, उत्पीडन आदिको विरुद्ध प्रयत्नशील हुनैपर्दछ भन्ने सन्देश यस कथाबाट हामीले पाउँदछौँ ।

**सन्दर्भ ग्रन्थहरू**

१. अमोधसिद्धि - धार्मिक कथाहरू
२. कमल रिजाल - पौराणिक पात्र र मिथकहरू
३. प्रकाशमणि दाहाल - महाभारतका कथा
४. शिवप्रसाद घिमिरे - महाभारत

## कविता

# म तिमीहरूजस्तो बन्न चाहन्नँ

✍ साहिँला

केही गर्नु छ त समाजको निम्ति
देशको हित
आफ्नो लागि मात्र
सोच्ने मन थिएन
विवेकशील मान्छे हुँ म ।
सम्पत्तिको निम्ति जे पनि गर्ने
देशका उद्योग, कारखानाहरू
नदीनाला, वनजङ्गलहरू
विदेशीको हातमा सुम्पिन
तयार छौ तिमीहरू ।
मान्छे हौ तिमीहरू
तर, कलङ्कित छौ
व्यवहार हेर्दा देशघाती
पशुभन्दा गएगुज्रेका
खानकै निम्ति जन्मेकाहरू ।
देशको कला, सम्पदाहरू
सार्वजनिक जग्गा, पोखरीहरू
कुनै मतलब राख्दैनौ
आँखा चिम्लिँदै
मानमर्दनको वास्तै नगरी
क्वाप्प निल्न खोज्छौ
बेमतलबी स्वार्थीहरू
याद छ ?
बाँच्नको निम्ति खाने हो
खानको निम्ति बाँच्ने होइन
यहाँ,
पशुपन्छीहरू पनि बाँचिरहेका छन्
तर, पशुपन्छीहरूले पनि विवेक प्रयोग गर्छन्
खै तिमीहरूको विवेकशीलता ?
पैसामै बिकेकाहरू
त्यसैले,
म तिमीहरूजस्तो बन्न चाहन्नँ
सके अरुलाई पनि बन्न दिन्नँ ।

# होशियार

✍ विष्णुबहादुर खत्री

जनताको पेटमा भोक र तिर्खाको असहाय पीडाले
राज्य विद्रोहको आगो दन्कन्छ
शासकले उचित ध्यान दिएन भने
क्रान्तिको ज्वाला अगाडि बढ्छ ।
स्वतन्त्रता प्राप्ति सहज भएन भनी
मानिस जस्तोसुकै विद्रोह गर्छ पनि
धुवाँभित्र हराएको यो संसार
भुसभित्र सल्किएको आगोजस्तै बन्छ ।
समाज विवेकहीन स्वार्थी भयो भनी
खा'को विषमात्र होइन नखाएको विष पनि लाग्छ
निष्पक्ष जनताको साहित्य भएन भने
समाज नै स्वार्थी हुन्छ ।
मान्छे आफैँ स्वार्थी हुँदा सबै दुष्मन बन्छन्
संसारको हित चितायो भनी दुनियाँ सारा हाँस्छन्
देशको नेतृत्व गर्ने दलाल लम्पसार पऱ्यो भनी
देशभक्त शिरहरू झुक्छन् पनि
घुम्ने खुर्सीमा अन्धा मानिसहरू पञ्च भनी
हत्या हिंसा बलात्कार हुन्छ त नि
किसानलाई बीउबिजन, मल नदिने शासकहरू पनि
रोग लागेर कुरूप भई नर्कलोक जान्छन् अनि
प्रकृतिले दिएका सुन्दर स्रोत साधनको रक्षा गरिएन भनी
आफ्नो पौरख नगरी त्यसको भर परियो भनी
आफूभित्रको प्रकाश बत्तीलाई बचाउन सकिएन भनी
जन्म दिने आमाहरूको गर्भ असफल बन्छ पनि ।

# समाज विकासमा युवा

✍ सुनिता गाइसी

आफ्नै पाखोबारी खनी
अन्न फलाउनु,
उन्नत जातका बीउबिजन
त्यसमा लगाउनु ।

मेहनत र धैर्यले
जीवन सफल बनाउनु,
विदेश हैन अब हेर
देशमै केही गर्नु ।

शिक्षा, स्वास्थ्य, रोजगारीका
अवसर सृजना गर्नु छ ।
आफ्नै मातृभूमिको हेर
आफैँले स्याहार गर्नु छ ।

विदेशका चहलपहल
क्षणिक हुने गर्छन् ।
फेसबुक र इन्स्टाग्राममा
मात्र सुहाउने गर्छन् ।

गरे के हुन्न यहाँ
सन्देश दिनु छ ।
समृद्ध नेपाल बनाउनमा
हात बढाउनु छ ।

आर्थिक विकास गर्न
अब सबै लागि परौँ
महिला पुरुष समानताका
चर्चा पनि गरौँ ।

सुन्दर समाज बन्छ
हेर हामीले चाहे
देश विकास हुन्छ
हेर युवा लागिपरे ।

आफ्नै पाखोबारी खनी
अन्न फलाउनु,
उन्नत जातका बीउबिजन
त्यसमा लगाउनु ।

# परियोजना

✍ जे. एन.

फैलाएर हात सधैँ कति माग्छौ भिख
दरो पार्न आफ्नो खुट्टा आफै उठ्न सिक
लिई परियोजना त्यो फेरि आए अरू
रगतको आहालमा शान्ति खोज्नेहरू ॥

दानको त के गर्नु र तिमीबाट आस
हिँड्न डुल्न बार लाग्छ निस्सासिन्छ सास
तिमीसँगै आइपुग्छ सुरक्षाको गस्ती
त्यो डढेलो लागेपछि उजाडिन्छ बस्ती ॥

अभियान भन्छ तिम्रो दरिद्रकै भलो
चिहानमा बदलिन्छ मानवको थलो
नपत्याए इराकका युवालाई सोध्नु
लिबिया र सिरियामा तथ्यहरू खोज्नु ॥

जमाएर जतातत्तै आफ्नै मात्र हठी
अझै कति बन्छ होला मान्छे पोल्ने भट्टी
कसरी खै र भर पर्नु मित्र हुँ मभन्दा
परैबाट आइदिन्छ बारुदको गन्ध ॥

## लघु कथा

# किसनको देशभक्ति विचार

✍ बीआर

कुनै समय एउटा विद्यालयको प्रिन्सिपल निरञ्जन र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष किसन । कुनै एउटा अर्को राम्रो विद्यालयको अवलोकन गर्न र अनुभव आदानप्रदान गर्न गएका थिए । उनीहरू त्यस राम्रो विद्यालयको अनुभव, सुझाव र सल्लाह लिएर आफ्नो विद्यालयको प्रगति गर्न चाहन्थे । त्यसैको लागि उनीहरू विद्यालयमा गएका थिए । त्यहाँ उनीहरू त्यस विद्यालयका अनुभवी शिक्षकसँग आफ्नो विद्यालयको शैक्षिक स्तर उकास्न, विकास गर्न सल्लाह गर्दै थिए । अनुभव लिन आएका प्रिन्सिपलले त्यस राम्रो विद्यालयका अनुभवी शिक्षकसँग सोधे, “सर, हामीले सुनेअनुसार यो विद्यालय पराले छाप्रोबाट सुरु भएर आज यो अवस्थामा ल्याएकोमा अचम्म लाग्यो । यसको रहस्य के हो सर ? त्यो रहस्य, अनुभव बताइदिनुहोस् न !”

त्यस्तो हामीले खास केही गरेनौँ । यसको रहस्य भनेको सामूहिक नेतृत्व र काम नै हो । सबैको सामूहिक मेहनत र परिश्रम नै हो । शिक्षक, अभिभावक, विद्यार्थी, छरछिमेकीसँग त्यतिकै घनिष्ठ सम्बन्ध स्थापित गर्नु हो । अग्रजहरूको महत्त्वपूर्ण सहयोग आफ्नो ठाउँमा छँदै छ । यसैको परिणाम विद्यालयको आजको अवस्था हो भन्दै शिक्षकले आफ्नो अनुभव उनीहरूलाई बताए ।

त्यतिकैमा उनीहरूको अगाडि भारतीय दूतावासमा सम्बन्ध भएकी एक महिला आएर अभिवादन गर्दै त्यस अनुभवी शिक्षकलाई भनिन्, “सर, हजुरहरूको विद्यालय जिल्लाकै राम्रो नमुना विद्यालय हो । विद्यार्थीहरू पनि धेरै नै छन् भनेर सुनेकी थिएँ । त्यसैले हजुरको राम्रो नमुना विद्यालयलाई अझ शैक्षिक विकासको लागि भारतीय सरकारबाट स्कूल बस सहयोग गर्दै आएको छ । हजुरले भारतीय दूतावासको नाममा विद्यालयको एउटा पत्र मलाई दिनुहोस् । एउटा स्कूल बस हामी हजुरको विद्यालय प्राङ्गणमा ल्याइदिन्छौँ सर ।” उक्त शिक्षकले ती महिलालाई सहयोगी हातको लागि धन्यवाद दिँदै सल्लाह गरेर खबर गरौँला भनेपछि उनी त्यहाँबाट गइन् ।

भारतीय बस सित्तैमा सहयोग आउने कुरा सुनिरहेका प्रिन्सिपलले ऱ्याल काढ्दै भने, “सरहरू नै भाग्यमानी ! यत्ता पनि सित्तैमा बस गाडी सहयोग, जताबाट पनि सित्तैमा सहयोग नै सहयोग ।” ती प्रिन्सिपलको कुरा सुनेर सँगै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष किसनले त्यस प्रिन्सिपललाई झपार्दै भने, “कुरा सुरा बुझ्नु छैन । सित्तैमा दिएपछि विष पनि खाने ? त्यो गाडी सित्तैमा सहयोग लिएपछि हामी मुठी कसेर औँलो सोझ्याएर कुन मुखले भारतीय विस्तारवाद मुर्दावाद भनेर विरोध गर्ने ? कुनै नैतिकताले भारतीय हस्तक्षेपको विरोध गर्ने ? हाम्रो स्वाभिमान खोइ ? त्यो गाडी सहयोग लिएपछि हाम्रो मुखमा बुजो लगाउँछ । किसनको देशभक्ति विचार सुनेपछि त्यस प्रिन्सिपलले भने, “ए, कुरा त्यसो पो ! त्यसमा पनि राजनीति नै रहेछ भन्दै उनीहरू दुवै त्यो राम्रो विद्यालयको अनुभवी शिक्षकसँग बिदा लिएर गए ।




सुदूरपश्चिम प्रदेशसभाका लागि वैशाख १५ गते हुन लागेको उपचुनावमा बझाङ क्षेत्र १ (क) मा नेमकिपाका उम्मेदवार कामरेड खगेन्द्रबहादुर शाहीलगायत पार्टीका कार्यकर्ताहरू मादल चुनाव चिह्न लिएर बझाङको सदरमुकाम चैनपुरका मतदाताको घरदैलोमा मत माग्दै । *तस्विर : मजदुर दैनिक*

# चैतसम्म साढे पाँच लाखले लिए श्रम स्वीकृति

काठमाडौँ, ७ वैशाख (रासस) । चालु आर्थिक वर्षको चैतसम्ममा वैदेशिक रोजगारीमा जान करिब साढे पाँच लाख जनाले श्रम स्वीकृति लिएका छन् ।

चैतमा मात्रै ७० हजार नौ सय ३३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । श्रम स्वीकृति लिनेमा ६४ हजार दुई सय ४१ जना पुरुष र ६ हजार ६ सय ९२ महिला रहेको वैदेशिक रोजगार विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "श्रम स्वीकृति लिनेमध्ये १३ हजार तीन सय ७३ जना अदक्ष अर्थात सीप नभएका, ५१ हजार तीन सय २८ जना सीप भएका, पाँच हजार ६ सय ८४ जना अर्धदक्ष, चार सय ८२ जना व्यवसायिक दक्षता र ६६ जना उच्च दक्ष भएका छन् ।"

यसैगरी चालु आवको साउनमा ५५ हजार पाँच सय ७५, भदौमा ५० हजार आठ सय ८४, असोजमा ५६ हजार दुई सय ३५, कार्तिकमा ४३ हजार ६ सय २२, मङ्सिरमा ७१ हजार दुई सय ७६, पुसमा ६५ हजार आठ सय १३, माघमा ६२ हजार एक सय ४७ र फागुनमा ६५ हजार छ सय ५८ जनाले श्रम स्वीकृति लिएर विदेश गएका विभागको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

विभागको तथ्याङ्कअनुसार चैतमा मात्रै १७ हजार आठ सय १८ जना नेपाली रोजगारीका लागि यूएई पुगेका छन् । सोही महिनामा साउदी अरेबियामा १३ हजार छ सय ४१ जना, कतारमा ११ हजार दुई सय ४ जना, मलेसियामा १२ हजार छ सय २ जना, कुवेतमा ४ हजार ७६ जना र बहराइनमा नौ सय ६४ जना पुगेका छन् ।

यसैगरी रोमनियामा दुई हजार दुई सय सय ९९ जना, क्रोएसियामा नौ सय ६० जना, साइप्रसमा सात सय ८१ जना, जापानमा एक हजार तीन सय ५१ जना, माल्दिभ्समा चार सय ९३ जना, मौरिससमा ६ सय २० जना र दक्षिण कोरियामा छ सय ५७ जना रोजगारीका लागि गएका तथ्याङ्कले देखिएको छ । रासस

# परिवर्तन गर्न क्रान्तिकारी विचार आवश्यक

दैलेख, ७ वैशाख । नेपाल मजदुर किसान पार्टी चामुण्डा विन्द्रासैनी वडा नं. ३ को आयोजनामा नयाँ वर्ष २०८१ को शुभकामना कार्यक्रम हाडाकोट बजारमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा दैलेखका सल्लाहकार तथा वडा नं. ३ का पूर्ववडाध्यक्ष निरकबहादुर शाहीले शासक पार्टीहरूले शिक्षा र स्वास्थ्य निःशुल्क गर्न नसकेको चर्चा गर्नुभयो । वडा नं. ३ का वडाध्यक्ष दीपबहादुर शाही, कार्यपालिका सदस्य मनबहादुर बिकलगायतले शुभकामना दिनुभएको थियो ।

कार्यक्रमको अध्यक्षता वडा नं. ३ वडा समितिका अध्यक्ष हीरालाल तारामीले गर्नुभएको थियो ।

यसैगरी, नेपाल मजदुर किसान पार्टी वडा नं. ६ को आयोजनामा शुभकामना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जयबहादुर शाहीले शासक दलहरूका अदूरदर्शिताका कारण देशले दुःख पाइरहेको उल्लेख गर्दै क्रान्तिकारी विचारले मात्र देशमा परिवर्तन आउन सक्ने चर्चा गर्नुभयो ।

नैना शाहीको सभापतित्वमा भएको उक्त कार्यक्रममा भक्तबहादुर शाही, गुप्तबहादुर शाही र बिन्दु बिकले पनि बोल्नुभएको थियो ।

त्यस्तै, चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. ७ मष्टामाडुमा नेमकिपा वडा नं. ७ को आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा दैलेखका सदस्य कृष्णप्रसाद ढकालले अन्यायविरुद्ध सङ्घर्ष गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । भ्रष्टाचारले देशको आर्थिक अवस्था कमजोर भएको बताउँदै उहाँले ठुला साना सबै भ्रष्टाचारीहरूलाई कारबाही नगरे देश अझै बर्बाद हुनसक्ने भन्नुभयो ।

जिल्ला समिति सदस्य धनकुमारी शाही, वडा नं. ७ का वडाध्यक्ष इन्द्रप्रसाद चौलागाई, वडा सदस्य लवराज ढकाल, डिल्लीप्रसाद शर्मा र टेकप्रसाद चौलागाईले पनि शुभकामना दिनुभएको थियो । वडा नं. ७ का वडा समिति अध्यक्ष शिवराज चौलागाई र तिलक चौलागाईले पनि बोल्नुभएको थियो ।

यसैगरी, चामुण्डा विन्द्रासैनी वडा नं. १ को तिजडाँडामा पनि नेमकिपा वडा नं. १ को आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा वडा नं. १ का वडाध्यक्ष उदयबहादुर बिक, थानबहादुर राना, लालबहादुर पौड्याल, विष्णु रेग्मी, कविराम धामी, विष्णु कँडेल र मनबहादुर सारुले बोल्नुभएको थियो ।

कार्यक्रम नेमकिपा वडा नं. १ वडा समितिका अध्यक्ष गोरक केसीको सभापतित्वमा भएको थियो ।

# कलेजो स्वस्थ राख्न खानपान र रहनसहनमा ध्यान दिनुपर्ने

काठमाडौँ, ७ वैशाख । शुक्रबार अप्रिल १९, 'विश्व कलेजो दिवस' । कलेजोसम्बन्धी रोगबारे जनचेतना जगाउन र कलेजोको स्वास्थ्य प्रवर्द्धन गर्न हरेक वर्ष आजको दिन विश्व कलेजो दिवस मनाइन्छ । यस दिवसको महत्त्वको बारेमा मानिसलाई शिक्षित गराउने, कलेजो रोगको प्रारम्भिक पहिचान र उपचारका लागि पैरवी गर्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो ।

यस वर्षको दिवसको नारा, 'सतर्क रहनुहोस्, नियमित कलेजो जाँच गराउनुहोस्, र फ्याटी लिभर रोगबाट बच्नुस्' रहेको छ । अर्थात् प्रारम्भिक चरणमा कलेजोको समस्या पहिचान र रोकथाम गर्नुपर्छ जसले गर्दा बोसोयुक्त कलेजो रोगबाट बच्न सकिने कुरालाई इङ्गित गर्दछ ।

कलेजो मानव शरीरको महत्त्वपूर्ण अङ्ग हो । कलेजो स्वस्थ्य राख्न खानपान र रहनसहनमा ध्यान दिनसके विभिन्न समस्याबाट बच्न सक्ने विज्ञ बताउँछन् । वरिष्ठ कलेजो रोग विशेषज्ञ प्राडा युवराज शर्माले भन्नुभयो, "कलेजोले शरीरमा महत्त्वपूर्ण भूमिका खेल्छ । यसले पाचन प्रणालीदेखि शरीरलाई चाहिने विभिन्न तत्व निर्माण गर्दछ । नचाहिने विकार तत्वलाई शुद्धिकरण गर्दछ । खानपान र रहनसहन नै कलेजो स्वस्थ राख्ने महत्त्वपूर्ण कुरा हुन् ।"

उहाँका अनुसार धेरै चिल्लो पदार्थ सेवन नगर्ने, नियमित व्यायाम गर्ने गर्नुपर्छ, जसले गर्दा कलेजोमा बोसोको मात्रा जम्न दिँदैन । कलेजोमा बोसो जम्नलाई 'फ्याटी लिभर' भनिन्छ । नेपालमा अधिकांश कलेजोको समस्या देखिएकामा रक्सीको अधिक सेवन प्रमुख कारण रहेको छ । त्यसैगरी हेपाटाइटिस 'बी', 'सी'को सङ्क्रमण, आनुवंशिक कारण पनि कलेजोको समस्या देखिने गरेको चिकित्सकको भनाइ छ ।

वर्षमा एक पटक कलेजोको अवस्था ठीक छ वा छैन भनेर लिभर फङ्सन टेस्ट (एलएफटी) गराउन चिकित्सकको सुझाव छ । यो सुविधा हरेक सरकारी तथा निजी प्रयोगशालामा सर्वसुलभरुपमा उपलब्ध छ ।

नेशनल हेल्थ सर्भिस (एनएचएस), युकेका अनुसार कलेजोमा समस्या आयो भने खाना रुचि नहुने, वाकवाकी लाग्ने, जीउमा कमजोरी महसुस हुने, बिरामी भइराख्ने लक्षण देखिन सक्ने हुन्छ ।

डा. शर्माले समस्या बढ्दै जाँदा जन्डिसको लक्षणजस्तै आँखा पहेँलो हुने, छाला पहेँलो हुने, छ महिनाभन्दा बढी लगातार कलेजोमा समस्या भयो भने 'क्रोनिक लिभर डिजिज' हुन सक्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "यसले गर्दा पेटमा पानी जम्ने, पेटको अमाशयमा नशा फुल्ने, नशा फुटने, रगत उल्टी हुने, रगत दिसा जाने, छालामा विभिन्न प्रकारका दागजस्तो लक्षण देखिन थाल्छन् ।"

उहाँले कलेजोले काम नै नगर्ने अवस्थामा पुग्यो भने प्रत्यारोपण गर्नुपर्ने अवस्था आउने भएकाले सुगर तथा कोलेस्ट्रोलका बिरामीले नियमित जाँच गराइराख्नु पर्ने बताउनुभयो ।

# हिउँ चितुवा सर्वेक्षण : डोल्पामा एक सय २० हिउँ चितुवा

राष्ट्रिय समाचार समिति (रासस) काठमाडौँ, ७ वैशाख । हिउँ चितुवा सर्वेक्षणको पछिल्लो नतिजा शुक्रबार सार्वजनिक गरिएको छ । नतिजाअनुसार डोल्पाको संरक्षित क्षेत्रबाहिर पनि हिउँ चितुवाको उल्लेखनीय सङ्ख्या रहेको देखिएको छ । विसं २०८० को वैशाखदेखि भदौसम्म सञ्चालित व्यवस्थित क्यामेरा ट्र्याप सर्वेक्षणले शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जबाहिरको पूर्वी डोल्पा क्षेत्रमा रहेका हिउँ चितुवाको सङ्ख्या यकिन गरेको छ ।

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालको सहयोगमा गरिएको यस सर्वेक्षणले प्रतिएक सय वर्ग किलोमिटरको क्षेत्रमा हिउँ चितुवाको घनत्व १.५ रहेको अनुमान गरेको छ । यससँगै अध्ययन क्षेत्रभित्र ३० वटा हिउँ चितुवा रहेको यकिन हुन गएको छ ।

यसैगरी, चार वर्षअघि निकुञ्जभित्र गरिएको यस किसिमको सर्वेक्षणले प्रतिएक सय वर्ग किलोमिटरमा चितुवाको घनत्व २.२ रहेको अनुमान गरेको थियो । यस आधारबाट ९० वटा हिउँ चितुवा यो संरक्षित क्षेत्रभित्र रहेको यकिन भएको थियो ।

यसर्थ डोल्पामा हिउँ चितुवाको कूल सङ्ख्या एक सय २० हुन गएको छ । जुन सङ्ख्या नेपालकै सबैभन्दा उच्च हो र घनत्व पनि सबैभन्दा बढी हुन आउँछ । हिउँ चितुवा उच्च पहाडी पर्यावरणमा पाइने दुर्लभ, लोपोन्मुख र संरक्षित वन्यजन्तु हो ।

यो प्रजाति आफ्नो बासस्थान वातावरणमा शीर्ष सिकारी भएकाले पर्यावरणको स्वास्थ्य र सन्तुलन कायम राख्न हिउँ चितुवाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । ठूलो र दुर्गम भौगोलिक क्षेत्रको बासस्थानमा बस्ने भएकाले ठूला बिरालाहरूमध्ये विश्वव्यापी रूपमा सबैभन्दा कम अध्ययन गरिएका प्रजातिहरूमा यो प्रजाति पनि पर्छ ।

नेपालमा हिउँ चितुवाको बासस्थान (३० हजार वर्ग किलोमिटर) मध्ये ४२ प्रतिशत भाग संरक्षित क्षेत्रभन्दा बाहिर पर्छ । यी क्षेत्रहरू बासस्थान र कोरिडोर दुवैका रूपमा निकै महत्त्वपूर्ण छन् ।

पूर्वी डोल्पा नेपालको तीन संरक्षित क्षेत्र (शे-फोक्सुण्डो, ढोरपाटन सिकार आरक्ष र अन्नपूर्ण संरक्षण क्षेत्र) र हिउँ चितुवाको दुई भूपरिधि क्षेत्र (पश्चिम र मध्य) मा रहेका हिउँ चितुवाको सङ्ख्यालाई जोडेको छ । यस महत्त्वलाई दृष्टिगत गरी सरकारले यस क्षेत्रमा यो महत्त्वपूर्ण प्रजातिको अध्ययन तथा अनुसन्धानलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

हिउँ चितुवा विश्वमा नै एसियाका १२ राष्ट्रमा मात्र सीमित रहेको र जम्मा चार हजारदेखि छ हजार पाँच सयको सङ्ख्यामा रहेको अनुमान गरिएको छ । हिउँ चितुवाका लागि नेपाल चौथो राष्ट्रमा पर्दछ र जहाँ तीन सयदेखि चार सय सङ्ख्यामा हिउँ चितुवा पाइने विश्वास गरिएको छ । यस हिसाबले हिउँ चितुवा अवलोकनका लागि विश्वमा नेपाल र नेपालमा डोल्पा एक प्रमुख गन्तव्य स्थापित छ ।

डिभिजन वन कार्यालय डोल्पाको कार्यक्षेत्रभित्र गरिएको यस सर्वेक्षणले छार्का ताङसोङ, काइके र डोल्पो बुद्ध गाउँपालिकाका राष्ट्रिय निकुञ्जबाहिर रहेका क्षेत्रमात्र समेटेको थियो । हिमाली भूभागमा पर्ने करिब दुई हजार वर्गकिलोमिटर क्षेत्रफलमा ६० दिनसम्म यो अध्ययन गरिएको थियो । यो अध्ययनमा ३३ जना नागरिक वैज्ञानिक, डिभिजन वन कार्यालय डोल्पाका सात जना कर्मचारी, तीनजना विद्यार्थी र दुईजना डब्लुडब्लुएफ नेपालका वन्यजन्तु अनुसन्धानकर्ताहरू सामेल थिए । वन तथा भू-संरक्षण विभाग र डिभिजन वन कार्यालय डोल्पाको नेतृत्व अनि डब्लुडब्लुएफ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सम्पादित यस सर्वेक्षणका लागि ६६ ठाउँमा 'क्यामेरा ट्र्याप' हरू जडान गरिएका थिए ।

यो सर्वेक्षणले पहिलोपटक संरक्षित क्षेत्रबाहिर बाक्लो सङ्ख्यामा हिउँ चितुवा रहेको बलियो प्रमाण मात्र देखाएको छैन, नेपालमा हिउँ चितुवाको सङ्ख्या बुझ्न पनि सघाएको छ । यस सर्वेक्षणले संरक्षित क्षेत्रबाहिर पनि प्रभावकारी संरक्षणका प्रयासहरूको आवश्यकता रहेको पुष्टि पनि गरेको वन तथा भू-संरक्षण विभागका महानिर्देशक शिवकुमार वाग्लेले बताउनुभयो । "हामी यस उपलब्धिमा डिभिजन वन कार्यालय डोल्पालाई बधाई दिन्छौँ । यससँगै अनुसन्धानमा खटिने वन्यजन्तु अनुसन्धानकर्ताहरू, नागरिक वैज्ञानिकहरू, स्थानीय आदिवासी समुदायहरू र डब्लुडब्लुएफ नेपालका साथमा काम गर्न पाउँदा हामी निकै खुसी छौँ," उहाँले भन्नुभयो ।

डब्लुडब्लुएफका नेपाल प्रतिनिधि डा. घनश्याम गुरुङले विश्वव्यापी रूपमा हिउँ चितुवाको अनुसन्धान र संरक्षण गर्नमा विभिन्न प्रयास भइराखेको उल्लेख गर्दै नेपाल सरकारलाई सहयोग गर्न र हिउँ चितुवाको दीर्घकालीन संरक्षणका लागि स्थानीय समुदायसँग साझेदारी गर्न पाउँदा थप जिम्मेवार हुन प्रेरित गरेको बताउनुभयो । उहाँले हिउँ चितुवाको संरक्षण र स्थानीय समुदायको विकासलाई समानान्तर रूपमा अघि बढाउन डब्लुडब्लुएफ नेपालले समुदायमा आधारित संरक्षणका प्रयासलाई जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आगामी दिनहरूमा मानव-हिउँ चितुवा द्वन्द्व न्यूनीकरणका लागि पशु बीमा तथा राहत व्यवस्था र घरपालुवा पशुचौपायाको चरिचरन क्षेत्र व्यवस्थापन आवश्यक देखिएको छ । साथै हिउँ चितुवा संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन र जडीबुटी उत्पादन क्षेत्रका रुपमा पनि विकास गर्न दिगो, वैज्ञानिक र एकीकृत व्यवस्थापनतर्फ सबैको साझा पहल, प्रयास र अभ्यास हुने अपेक्षा गरिएको छ ।

***परम्परागत...***

महत्त्वका सम्पदाहरूको अभिलेख राख्नुपर्ने प्रावधान उल्लेख गराउन हामीले सुझाव दिएका छौं । यस्तो सङ्ग्रहालयमा सर्वसाधारण प्रवेश सजिलो बनाइने छ ।"

प्रवचनमा विशेष अतिथि इथ्नोम्युजिकोलोजी विषयका प्रा.डा. गर्ट म्याथियस वेगनरले अहिलेका बालबालिकाहरूलाई दैनिक गृहकार्य गराएजस्तै दैनिकरूपमै यहाँका बाजागाजा, कला संस्कृति, सङ्गीतको महत्त्व दर्साई त्यसबारेमा जानकारी दिनु आवश्यक रहेको बताउनुभयो ।

उहाँले भोलिका कर्णधार आजका बालबालिकालाई यहाँका मठमन्दिर, पाटीपौवा, देवस्थल आदि भ्रमण गराई त्यसको महत्त्व बुझाउनुपर्नेमा विशेष जोड दिनुभयो ।

साङ्गीतिक धुनले गुञ्जयमान हुने भक्तपुर नगरमा यातायातका साधनको कर्कश आवाज अशोभनीय भएकोले भक्तपुर पुरानो नगर क्षेत्रभित्र यातायात साधनहरू पूर्णरूपमा बन्देज गर्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

उहाँले भक्तपुरका बाजा, संस्कृति जोगाउन विभिन्न सुझावहरू दिनुभएको थियो ।

भक्तपुरमा विशेष धिमे बाजा बजाउनेलगायतका साङ्गीतिक क्षेत्रमा चिरपरिचित उहाँ जर्मन नागरिक हुनुहुन्छ ।

कार्यक्रममा त:मुंज्याका अध्यक्ष आशाकुमार चिकबन्जार र सचिव नरेश खत्रीले पनि बोल्नुभएको थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोचें